मिति २०८२/०७/२० को मा. मन्त्रीस्तरीय निर्णयवाट स्वीकृत

# FLB- Eastern Hills कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८२

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

मा. सदानन्द मण्डल
मन्त्री
पर्यटन, वन तथा वातावरण मन्त्रालय

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय,

नेपालको पूर्वी पहाडी भेगमा वन, भूमी तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिवृद्धि आयोजना,

आयोजना व्यवस्थापन इकाई,

विराटनगर, नेपाल

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

# विषय-सूची

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव


आयोजनाको परिचय ........ १
परिच्छेद -१ ........ २
१.१ संक्षिप्त नाम र प्रारम्भः ........ २
१.२ परिभाषाः ........ २
१.३ उद्देश्यहरुः ........ २
परिच्छेद-२ ........ ४
२.१ कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शनः ........ ४
२.२ कार्यक्रम अनुगमन ........ ६
२.३ प्रगति प्रतिवेदन ........ ६
२.४ तालिम, गोष्ठी तथा अध्ययन भ्रमण आदि सम्बन्धि व्यवस्थाः ........ ७
२.५ उपकरण, सामाग्री र औजार खरिद तथा वितरण सम्बन्धि व्यवस्थाः ........ ७
परिच्छेद-३ ........ ८
३.१ आयोजना व्यवस्थापन इकाईबाट गर्ने क्रियाकलापहरुः ........ ८
३.१.१ परियोजना निर्देशन समिति सदस्यहरुको फिल्ड अनुगमन भ्रमणः ........ ८
३.१.२ आयोजना निर्देशन समितिको बैठकः ........ ८
३.१.३ प्राविधिक समितिको बैठकः ........ ९
३.१.४ राष्ट्रिय/क्षेत्रीय/विश्वव्यापी कार्यक्रममा सहभागिताः ........ ९
३.१.५ सञ्चार र श्रव्य उत्पादन र प्रसार (श्रव्य भिजुअल, लीफलेट, ब्रोसर) ........ १०
३.१.६ वन/वातावरण/वन्यजन्तु/वनस्पति/जैविक विविधता आदि सम्बन्धी दिवस/ महोत्सव दिवस, समारोह, सभा (वन/वातवरण/वन्यजन्तु/वनस्पति आदि) ........ ११
३.१.७ मन्त्रालयमा बहु-सरोकारवाला समन्वय/समीक्षा बैठक (प्रदेश स्तर) ........ १२
३.१.८ ऐन, नियम, कार्यविधि, निर्देशिका तयारीमा प्रदेश मन्त्रालयलाई सहयोग गर्ने (प्रादेशिक ऐन, नियम, नियमावली, निर्देशिका, मापदण्ड आदि निर्माण (मस्यौदा तयारी, छलफल/अन्तरक्रिया/बैठक) ........ १२
३.१.९ कम्प्युटर, ल्यापटप र आयोजना कर्मचारीका लागि अन्य उपकरणहरुः ........ १३
३.१.१० PAMEB सम्बन्धित जानकारी सम्प्रेषणः ........ १३
३.१.११ लैङ्गिक र जैविक विविधता-संवेदनशील स्थानीय स्तरको भूमि प्रयोग योजना प्रक्रियालाई सहज बनाउन उपकरणहरू, स्रोतहरू र सञ्चार सामग्रीहरूको विकास/अनुकूलन गर्नेः ........ १४
३.१.१२ भू-उपयोग नक्साङ्कन र योजनामा भूपरिधि, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता सम्बन्धी जानकारीलाई एकीकृत गर्न विधिहरू विकास गर्नेः ........ १५
३.१.१३ कोशी प्रदेशको जैविक विविधता प्रोफाइल तयारी र प्रकाशनः ........ १५

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव


३.१.१४ ऐन, नियम, कार्यविधि, निर्देशिका छपाई/प्रकाशनः ........ १६

३.१.१५ दिगो भूमि व्यवस्थापन, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता व्यवस्थापनमा कोशी प्रदेश र ३४ वटा स्थानीय तहको संस्थागत क्षमता मूल्याङ्कनः ........ १७

३.१.१६ राष्ट्रिय परामर्शदाता भर्नाः ........ १७

३.१.१७ वित्त सहायकः ........ १८

३.१.१८ अनुगमन, मूल्याङ्कन तथा सञ्चालन सहायकः ........ १९

३.१.१९ वार्षिक योजना तर्जुमा तथा समीक्षा गोष्ठीः ........ २०

३.१.२० रेडपाण्डा सम्मेलनमा ज्ञान आदान प्रदान सहयोग (खोटाङ्ग) ........ २०

३.१.२१ वार्षिक प्रतिवेदनः ........ २१

३.२ आयोजना सहयोग इकाईबाट गर्ने क्रियाकलापहरुः ........ २२

३.२.१ **PAMEB** को फिल्ड-परीक्षण र पाइलटिङ गर्ने ........ २२

३.२.२ स्थानीय तहहरु बीचमा आयोजना स्थल अवलोकन भ्रमण ........ २२

३.२.३ ३४ वटा भू-परिधि नीति र भू-उपयोग योजनाहरू तयार गर्न प्रदेश मन्त्रालय र स्थानीय तहहरूलाई सहयोग गर्ने ........ २३

३.२.४ जैविक विविधता नक्साङ्कन /अनुगमनका लागि उपकरण ........ २४

३.२.५ **KMIS** र **FMIS** मा सरकारी अधिकारीहरू, **FECOFUN**, **BCN**, स्थानीय स्तरहरू र **CFUG** लाई तालिम दिने ........ २४

३.२.६ दिगो भूमि व्यवस्थापन, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता (**SLM**, **LDN** र **BD**) मा स्थानीय स्तरको योजना/समीक्षा कार्यशाला ........ २५

३.२.७ सामुदायिक वन उपभोक्ता समूह र स्थानीय तहहरूलाई जैविक विविधताको सहभागितामूलक अनुगमन र मूल्याङ्कन (**PAMEB**) मा तालिम ........ २६

३.२.८ दिगो भूमि व्यवस्थापन, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता (**SLM**, **LDN** र **BD**) मा सरोकारवाला परामर्श बैठकहरू ........ २७

३.२.९ लाभ बाँडफाँडमा महिला, सीमान्तकृत र जोखिममा परेका समूहहरूको शैक्षिक तथा सचेतना र अभिवृद्धि गराउने तालिम (सरकार र परियोजनाको पहलमा) ........ २८

३.२.१० ३४ वटा भू-उपयोग योजनामा जैविक विविधता र भूमि क्षयीकरण तटस्थतालाई एकीकृत गर्न स्थानीय तहलाई सहयोग गर्ने ........ २८

३.२.११ सामुदायिक वन्यजन्तु शिकार र अग्नि नियन्त्रण संजालको क्षमता विकास ........ २९

३.२.१२ भूपरिधि पुर्नस्थापनाको लागि सामग्री तथा साना उपकरण सहयोग (वन्यजन्तु शिकार र अग्नि नियन्त्रण).. ३०

३.२.१३ उद्यमी र स्थानीय स्रोत व्यक्तिहरूको लागि प्रशिक्षक प्रशिक्षण तालिम (**ToT**) ........ ३१

३.२.१४ बजार/बजारीकरण र उत्पादन प्रविधिहरूमा महिला र सीमान्तकृत समूहहरूलाई तालिम दिने ........ ३२

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

३.२.१५ सामुदायिक वन उपभोक्ता समूह र व्यक्तिगत उत्पादकहरूलाई व्यवसाय विकास प्रशिक्षण.................. ३३

३.२.१६ वन उत्पादन/गैरकाष्ठ वन पैदावार (१० उद्यम विकास, ५ संजाल गठन सहयोग) मा आधारित सामुदायिक उद्यमहरू प्रवर्द्धन गर्ने........................................................................................................ ३३

३.२.१७ रूख/जडीबुटी तथा गैरकाष्ठ वन पैदावार नर्सरीहरूको लागि सामग्री सहयोग................................. ३४

३.२.१८ बिरुवाको उत्पादन/खरिद...................................................................................................... ३५

३.२.१९ भूमि व्यवस्थापन र जैविक विविधता संरक्षणका लागि सामग्री, औजार, साना उपकरण सहयोग............... ३६

३.२.२० पुनर्स्थापना क्रियाकलापहरुको योजना र कार्यान्वयनमा DFOs,CFUGs, LFUGs र CBOs लाई सहयोग गर्ने................................................................................................................................ ३७

३.२.२१ कृषि कार्यका लागि औजार तथा साना उपकरण सहयोग........................................................ ३९

३.२.२२ मूल्य श्रृंखला र बजार विकासको लागि संजाल गठन र सामग्री तथा साना उपकरणहरू वितरणः........... ३९

३.२.२३ दिगो भूमि व्यवस्थापनका उपायहरू लागू गर्न CFUG सदस्यहरू र किसानहरूलाई सहयोग गर्ने ......... ४०

३.२.२४ ३४ वटा स्थानीय तहको सूचना प्रविधि क्षमता र पूर्वाधारलाई सुदृढ गर्ने.................................... ४१

३.२.२५ दिगो वन व्यवस्थापनका लागि औजार तथा साना उपकरण सहयोग ......................................... ४२

३.२.२६ CFUG, LFUG को स्थानीय श्रोत व्यक्तिहरु मार्फत कार्य योजना संशोधन ............................. ४२

३.२.२७ गरिबहरुको लागि जीविकोपार्जन सुधार योजना (LIP) को तयारी र कार्यान्वयनमा CFUG लाई सहयोग गर्ने ........................................................................................................................ ४३

३.२.२८ समुदायमा आधारित रेड पाण्डाको बासस्थान व्यवस्थापन पुनर्स्थापना तथा प्रजनन् अभिवृद्धि................. ४४

३.२.२९ पुणर्रोपण .......................................................................................................................... ४५

अनुसूची-१ तालिम/गोष्ठी/बैठक/संजाल गठन सम्बन्धी कार्य सम्पन्न प्रतिवेदनको नमूना .............................. ४६

अनुसूची-२ सामाग्री खरिद तथा वितरण सम्बन्धी कार्य सम्पन्न प्रतिवेदनको नमूना ....................................... ४७

अनुसूची-३ वृक्षारोपण सम्बन्धी कार्य सम्पन्न प्रतिवेदनको नमूना.......................................................... ४८

अनुसूची-४ जीविकोपार्जन सुधार योजना सम्बन्धी कार्य सम्पन्न प्रतिवेदनको नमूना ....................................... ४९

अनुसूची-५ सामुदायिक वन/कबुलियति वनको कार्ययोजना नवीकरण सम्बन्धी कार्य सम्पन्न प्रतिवेदनको नमूना....... ५०

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

# संक्षिप्त रुप

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| AWP/B | Annual Work Plan and Budget |
| BCN | Bird Conservation Nepal |
| BD | Biodiversity |
| CBOs | Community-Based Organization |
| CFUG | Community Forest User Group |
| DFO | Division Forest Office |
| ESMF | Environmental and Social Management Framework |
| ESMP | Environmental and Social Management Plan |
| FAO | Food and Agriculture Organization of the United Nations |
| FECOFUN | Federation of Community Forest Users Nepal |
| FGD | Focal Group Discussion |
| FMIS | Forest Management Information System |
| FPIC | Free, Prior and Informed Consent |
| GEF | Global Environment Facility |
| GESI | Gender Equality and Social Inclusion |
| GIS | Geographic Information System |
| IPP | Indigenous People Plan |
| KMIS | Knowledge Management Information System |
| LDN | Land Degradation Neutrality |
| LFUG | Leasehold forest user groups |
| LIP | Livelihood Improvement Plans |
| MoTFE | Ministry of Tourism, Forests and Environment |
| PAMEB | Participatory Assessment, Monitoring, and Evaluation of Biodiversity |
| PFD | Province Forest Directorate |
| PMU | Project Management Unit |
| PSC | Project Steering Committee |
| PSU | Project Support Unit |
| SIMP | Social Inclusion Management Plan |
| SLM | Sustainable Land Management |
| ToR | Terms of Reference |
| ToT | Training of Trainers |
| डि.व.का. | डिभिजन वन कार्यालय |
| स.डि.व.का. | सब डिभिजन वन कार्यालय |

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

# नेपालका पूर्वी पहाडी भेगमा वन, भूमी तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिवृद्धि आयोजनाको

## परिचय

यो आयोजना विश्व वातावरणीय सुविधा (**Global Environment Facility- GEF**) को आर्थिक सहयोगमा नेपाल सरकार तथा संयुक्त राष्ट्र संघ, खाद्य तथा कृषि सङ्गठन (**FAO**) बीच सन् २०२३ अप्रिल २६ मा सम्झौता भई नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश र संयुक्त राष्ट्र संघ, खाद्य तथा कृषि सङ्गठनको संयुक्त प्रयासबाट नेपालको पूर्वी पहाडी भेगमा वन, भूमि तथा जैविक विविधताको दिगो व्यवस्थापनको लागि कार्यान्वयनमा रहेको छ। यो आयोजनाको अवधि ४ वर्ष (अप्रिल २०२३ देखि अप्रिल २०२७) रहेको छ भने कूल अनुदान ४.१८ मिलियन यू.एस डलर अर्थात करिव रु. ५५ करोड रहेको छ। यस आयोजनाको कार्यान्वयन क्षेत्र पाँचथर, तेह्रथुम, संखुवासभा, इलाम र ताप्लेजुङ्ग जिल्लाहरु रहेका छन्। आयोजना कार्यान्वयनका लागि प्रदेश मन्त्रालयमा एउटा आयोजना व्यवस्थापन इकाई र जिल्लास्तरमा डिभिजन वन कार्यालय अन्तर्गत पाँच वटा आयोजना सहयोग इकाईहरु रहेका छन्।

यो आयोजना जैविक विविधताले भरिपूर्ण पूर्वी नेपालको तिनजुरे-मिल्के-जलजले, माई उपत्यका र तमोर उपत्यका क्षेत्रमा केन्द्रित छ। यस आयोजनाले कोशी प्रदेशको २६१०९.७ वर्ग कि.मि क्षेत्रफल मध्ये ३५७५ वर्ग कि.मि ओगटेको छ भने ८८ वटा स्थानीय तह मध्ये ३४ वटा स्थानीय तहहरु समेटेको छ जसबाट हाराहारी १,५३,३४० घरधुरी लाभान्वित हुने अपेक्षा गरिएको छ।

# परिच्छेद -१

**१.१ <u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो मार्गदर्शनको नाम **"नेपालको पूर्वी पहाडी भेगमा वन, भूमी तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिवृद्धि आयोजना कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८२"** रहेको छ।

(२) यो मार्गदर्शन पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

## १.२ <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) **"आयोजना"** भन्नाले नेपालको पूर्वी पहाडी भेगमा वन, भूमि तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिवृद्धि आयोजना सम्झनु पर्दछ।

(ख) **"आयोजना सहयोग इकाई"** भन्नाले आयोजना संचालित डिभिजन वन कार्यालयलाई जनाउने छ।

(ग) **"उपभोक्ता समूह"** भन्नाले कार्यान्वयन निकायले कार्यक्रम सञ्चालनको लागि गठन गरेका कृषक समूह, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह, महिला समूह जस्ता प्रचलित कानून बमोजिम गठन भई क्रियाशील रहेका समूहलाई सम्झनु पर्दछ।

(घ) **"कार्यक्रम"** भन्नाले वन, भूमि तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिवृद्धि आयोजनाको कार्यक्रम तथा वार्षिक कार्यक्रम तथा योजनामा परेका क्रियाकलापहरु र सम्झौता बमोजिमका क्रियाकलापहरु समेत सम्झनु पर्दछ।

(ङ) **"कार्यान्वयन निकाय"** भन्नाले आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने PMU र पाँच वटा डिभिजन वन कार्यालय, ताप्लेजुङ्ग, पाँचथर, इलाम, तेह्रथुम र संखुवासभा (PSUS) सम्झनु पर्दछ।

(च) **"बजेट नोट"** भन्नाले नेपाल सरकार, खाद्य तथा कृषि सङ्गठन तथा विश्व वातावरणीय सुविधा बीच भएको सम्झौता अनुसारको बजेट नोट सम्झनु पर्दछ।

(छ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश सम्झनु पर्दछ।

(ज) **"स्थानीय तह"** भन्नाले कोशी प्रदेश अन्तर्गतका आयोजना लागु भएका नगरपालिका, गाउँपालिका र तिनका वडाहरूलाई समेत जनाउनेछ।

## १.३ <u>उद्देश्यहरु</u> : यो कार्यक्रम कार्यान्वयन मार्गदर्शनका उद्देश्यहरु देहाय बमोजिम हुनेछन:-

(क) कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु तथा क्रियाकलापहरुको बारेमा थप स्पष्टता प्रदान गर्न,

(ख) कार्यक्रम सञ्चालनमा कार्यान्वयनगत एकरुपता तथा समान बुझाई ल्याउन,

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

(ग) सम्पादित कार्यको प्रभावकारिता, परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता प्रदान गर्न,

(घ) सञ्चालित क्रियाकलापको दिगोपना सुनिश्चित गर्न,

(ङ) सरल तथा सहज तरिकाबाट सेवा प्रवाह गर्न।

Sanjaya

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## परिच्छेद-२

**२.१ कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन** : स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको क्रममा सबै कार्यक्रमहरू सञ्चालनको लागि आकर्षित हुने प्रक्रिया तथा मार्ग निर्देशन देहाय बमोजिम रहेका छन:

२.१.१ स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको परिमाण र विनियोजित बजेटको परिधिभित्र रही कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ। आयोजनाको कम्पोनेण्टहरुलाई बजेट नोट सहितको विभिन्न अन्तरसम्बन्धित क्रियाकलापहरुमा विभाजन गरी PMU र PSU ("कार्यान्वयन निकाय") द्वारा कार्यान्वयन गर्ने गरी व्यवस्था मिलाइएको हुँदा समग्र कम्पोनेण्टहरुलाई निष्कर्षमा पुऱ्याउन सबै कार्यान्वयन निकाय हरुबाट एक आपसमा समन्वयात्मक रुपमा कार्य हुन अपरिहार्य हुनेछ।

२.१.२ कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७, कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६, कोशी प्रदेश प्रदेश वातावरण संरक्षण नियमावली, २०७७, प्रदेश वन ऐन, २०७७, प्रदेश वन नियमावली, २०८०, प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ एवं अन्य प्रचलित कानूनहरूको प्रावधानहरू बमोजिम गर्नु पर्नेछ।

२.१.३ कार्यक्रम सम्बन्धी सर्भे, डिजाईन, ड्रइङ्ग/नक्सा र लागत अनुमान (Cost Estimate) तयार भएपछि कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यकता अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, सेवाप्रदायक, उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम गराउने वा अमानतबाट कार्य सञ्चालन गर्न गराउन सकिनेछ।

२.१.४ सम्बन्धित डिभिजन वन कार्यालय स्थानीय वन समूह स्थानीय तहसँग आवश्यक समन्वय/सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकता अनुसार संघ, प्रदेश तथा जिल्लास्थित अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्नुपर्नेछ।

२.१.६ वन, भूमी र जैविक विविधता संरक्षण सम्बन्धी कार्यहरु जस्तैः वृक्षारोपण, अग्नी रेखा निर्माण, तारवार आदि जस्ता कार्यक्रमहरु सामुदायिक/कबुलियती वनक्षेत्र भित्र कार्यान्वयन गर्नु पर्ने भएमा सम्बन्धित वन उपभोक्ता समूह मार्फत वा सो अन्तर्गतको निर्माण समितिबाट सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

२.१.७ कार्यक्रमहरूको लागत अनुमान (Cost Estimate) तयार गर्दा (*निर्माण कार्यको हकमा अनिवार्य रुपमा ड्रइङ्ग/नक्सा तयार गरी*) नेपाल सरकार/प्रदेश सरकारले स्वीकृत गरेको नर्मस,

सम्बन्धित जिल्लाको स्वीकृत दररेट तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ समेतको आधारमा गर्नुपर्नेछ।

२.१.८ कार्यक्रम सञ्चालन गर्दा गरीब, विपन्न तथा सीमान्तकृत वर्ग र महिला तथा आदिवासी जनजातिको जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्न सक्ने तर्फ केन्द्रित हुनुपर्नेछ। वन अतिक्रमण हुने गरी कुनै पनि कार्यक्रम सञ्चालन गर्नु गराउनु हुँदैन।

२.१.९ <u>आयोजनाका क्रियाकलापहरु संचालनमा वातावरण र सामाजिक व्यवस्थापन:</u>

**१. क्रियाकलाप संचालनको पूर्व निर्माण चरण (Pre-Construction phase)**

(क) क्रियाकलापहरुको प्राविधिक लागत अनुमानसँगै प्रत्येक क्रियाकलापवाट महिला, आदिवासी/जनजाति, गरिब, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, सीमान्तकृत, मधेशी, मुस्लिम र जोखिममा परेका समूहहरुलाई वातावरण र सामाजिक क्षेत्रमा पर्न सक्ने असर र त्यसको न्यूनीकरणका आवश्यक उपायहरुको प्रतिवेदन तयार गरिने छ।

(क) उक्त असर आकलनको क्रममा सम्बन्धित आयोजना क्षेत्र अन्तर्गतका प्रमाणित/स्वीकृत (Environmental and Social Managaement Plan- ESMP Thematic Report Gender and Social Inclusion, Indigenous people Plan-IPP, र social inclusion management plan-SIMP Gender Action Plan and Budget) मा उल्लिखित न्यूनीकरणका उपायहरु, समुदायसँगको परामर्श र प्राकृतिक स्रोतमा पहुँच सम्बन्धी बिषयलाई महत्व दिइने छ।

**२. आयोजना संचालनको निर्माण तथा कार्यान्वयन चरण (Construction phase)**

कार्यस्थलमा पेशागत स्वास्थ्य र सुरक्षाः आयोजना अन्तर्गतका क्रियाकलापहरु निर्माण तथा कार्यान्वयन गर्दा कामको प्रकृति र जोखिम अनुसारका स्वास्थ्य र सुरक्षा सम्बन्धी प्रबन्ध गरिनेछ। विशेष गरि हेलमेट, पञ्जा, गम्वुट र प्राथमिक उपचार बाकस (First Aid Box) आदि अनिवार्य रुपमा कार्यस्थलमा प्रयोगमा ल्याइनेछ। तत् सम्बन्धी आवश्यक खर्च कार्यक्रमको लागत अनुमानमा समावेश गरी खर्च लेख्न सकिनेछ। कार्यस्थलमा बाल श्रमिकलाई पूर्ण रुपमा प्रतिबन्धित गरिनेछ। यौन शोषण, दुर्व्यवहार र उत्पीडन तथा लैगिंक हिंसा, विभेदलाई पूर्ण रुपमा कार्यस्थलमा निरुत्साहित गरिनेछ।

२.१.१० उपभोक्ता समिति/समूहले सम्झौता गरे बमोजिमको योजना आफैले सम्पन्न गर्नुपर्नेछ । योजनाको स्याहार, संम्भार र मर्मत गर्ने दायित्व उपभोक्ता समिति/समूहको हुनेछ। उपभोक्ता समिति/ समूहले जिम्मा लिएको योजनाको काम कुनै निर्माण व्यवसायी वा कन्ट्रयाक्टरवाट गराउन पाईने छैन।

२.१.११ यस कार्यविधिमा उल्लेख नभएका क्रियाकलाप तर स्वीकृत वार्षिक कार्यक्रम अनुरूप कार्य सम्पादन गर्नु पर्ने भएमा प्रचलित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, नर्मस् तथा परिपत्र आदिको परिधिभित्र रही कार्यान्वयन गर्नु पर्नेछ।

२.१.१२ कार्यक्रम कार्यान्वयन गर्दा गराउँदा कामको परिमाण र गुणस्तरमा कुनै कमी कमजोरी वा लापरवाही नहुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

२.१.१३ स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने पूर्वतयारी, स्थलगत अनुगमन, कार्यक्रम स्थान छनौट, विरुवा उत्पादन, खरिद, निर्माण, वृक्षारोपण, तारबार, मर्मत संभार, संरक्षण इत्यादि कार्यको कार्यान्वयन अवधिलाई आधार मानी कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाउनु पर्नेछ।

## २.२ कार्यक्रम अनुगमन :

२.३.३ यस आयोजनाको कार्यक्रम आवश्यकता अनुसार PSC, PMU, Project Technical Committee, PSU's को प्राविधिक, पर्यटन, वन तथा वातावरण मन्त्रालय र प्रदेश वन निर्देशनालयको प्रतिनिधि सहितको संयुक्त टोलीले आवश्यकता अनुसार कार्यक्रमहरूको संयुक्त अनुगमन गरी आवश्यक पृष्ठपोषण गर्न सक्नेछ।

## २.३ प्रगति प्रतिवेदन :

२.३.१ कार्यक्रम कार्यान्वयन गर्ने सबै निकायले कार्यक्रमको माईलस्टोन, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन अनिवार्य रूपमा तोकिएको समयमा PMU मा हार्ड कपि तथा विद्युतीय (Electronic/digital) कपि पठाउनु पर्नेछ।

२.३.२ कार्यान्वयन निकायहरूबाट पेश भएका प्रगतिहरू सङ्कलन तथा Compile गरी PMU ले आवश्यकता अनुरुप FAO-CO/GEF तथा वन तथा वातावरण मन्त्रालयमा त्रैमासिक/अर्ध वार्षिक र वार्षिक प्रगति प्रतिवेदन पठाउनु पर्नेछ।

२.३.३ त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदनहरू राष्ट्रिय योजना आयोगको निर्देशित ढाँचा बमोजिम तयार गर्नु पर्नेछ।

२.३.४ आयोजना दस्तावेजमा निर्देशित गरिए बमोजिम त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा GEF Budget note सहितको प्रगति प्रतिवेदन तयार गरी FAO-CO/GEF मा पठाउनु पर्नेछ।

२.३.५ सबै कार्यक्रम कार्यान्वयन निकाय (PSU) ले वार्षिक प्रगति प्रतिवेदन पुस्तिका तयार गर्नुपर्ने छ। सोहि प्रगति प्रतिवेदन अनुसार PMU ले प्रगतिहरूको सङ्कलन तथा एकीकृत गरी वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन गरिनेछ।

२.३.६ आयोजनाको कार्यक्रम सञ्चालन एवं प्रतिवेदनहरु तयार गरी विभिन्न निकायहरुमा पेश गर्न PMU र PSUs ले एक अर्कालाई सहयोग उपलब्ध गराउनु पर्नेछ। यसका लागि सेवा प्रदायक संस्था वा व्यक्तिको सेवा खरिद गर्नु परेमा PMU ले आवश्यकता अनुसार थप सेवा नियमानुसार खरिद गर्न सक्नेछ।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. ढुन्ढ प्रसाद सापकोटा
प्रदेश सचिव

२.३.७ डिभिजन वन कार्यलयहरुले आयोजनाको कार्यक्रम संचालेन भई सम्पन्न भए पश्चात कार्यक्रमसँग सम्बन्धित अनुसूची १-५ भरी आयोजना व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ।

## २.४ तालिम, गोष्ठी तथा अध्ययन भ्रमण आदि सम्बन्धि व्यवस्था:

अध्ययन भ्रमण, गोष्ठी र तालिमको लागि सहभागि/लक्षित वर्ग छनौट आवश्यकता पहिचानको आधारमा स. डि. व. का. को सिफारिसमा हुनेछ। अध्ययन भ्रमण र तालिमको अवधि ३ दिन देखि ५ दिन सम्मको हुनेछ। अध्ययन भ्रमण, तालिम तथा गोष्ठीमा महिला, आदिवासी/जनजाति, गरिब, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, सीमान्तकृत, मधेशी, मुस्लिम र जोखिममा परेका समूहहरुलाई प्राथमिकता दिइनेछ। अध्ययन भ्रमण, तालिम तथा गोष्ठी संचालन गर्दा कार्यसूची बनाई कार्यालय प्रमुखवाट स्वीकृत गराई गर्नुपर्नेछ।

## २.५ उपकरण, सामाग्री र औजार खरिद तथा वितरण सम्बन्धि व्यवस्था:

डि. व. का. वाट खरिद भई वितरण हुने उपकरण, सामाग्री र औजारको ढुवानी वा ढुवानीको खर्च लक्षित वर्गले व्यहोर्ने छ।

## परिच्छेद-३

### ३.१ आयोजना व्यवस्थापन इकाईबाट गर्ने क्रियाकलापहरु

#### ३.१.१ परियोजना निर्देशन समिति सदस्यहरुको फिल्ड अनुगमन भ्रमणः

परियोजना निर्देशन समिति सदस्यहरुको फिल्ड अनुगमन भ्रमणका लागि आयोजना कार्यान्वयनमा रहेका जिल्लाहरुमा संचालनमा रहेका कार्यक्रमहरुको विभिन्न क्रियाकलापहरुको अनुगमन, मूल्याङ्कन र आवश्यक पृष्ठपोषणका लागि आयोजना निर्देशन समिति सदस्यहरुलाई नियमानुसार दैनिक भ्रमण भत्ता, यातायात खर्च उपलब्ध गराउनु पर्नेछ। सो कार्यका लागि यस शीर्षकमा आवश्यक बजेट विनियोजन गरिएको छ। यो कार्यक्रम प्याकेजमा १ पटक संचालन गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.२,५४,०००।- (दुई लाख चौवन्न हजार रुपैयाँ मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

संचालनमा रहेका कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन भई आवश्यक पृष्ठपोषण समेत प्राप्त हुनेछ।

#### ३.१.२ आयोजना निर्देशन समितिको बैठकः

आयोजनाको उद्देश्य अनुरुप कार्यक्रम कार्यान्वयन भए नभएको, आयोजनाको वार्षिक कार्यक्रम पारित र आवश्यक निर्देशन प्राप्त गर्ने उद्देश्यले यो बैठक संचालन गरिनेछ। आयोजनाको स्वीकृत दस्तावेज अनुसार वर्षमा २ पटक यस समितिको बैठक संचालन गरिनेछ। यस बैठक अन्तर्गत खर्च हुने शिर्षक जस्तै सहभागी भत्ता, खाजा/खाना खर्च, संचार, यातायात आदि जस्ता शिर्षकमा रहेर खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो बैठक संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो बैठकको लागि प्रति पटक रु १,५०,०००।- दरले २ पटकको लागि रु. ३,००,०००।- (तीन लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

अपेक्षित उपलब्धि

आयोजनाको कार्यक्रम कार्यान्वयनको अवस्थाको मूल्याङ्कन गरी योजनाको समीक्षा तथा पुनरावलोकन र वार्षिक योजना पारित तथा रणनीतिक निर्देशन उपलब्ध हुनेछ।

## ३.१.३ प्राविधिक समितिको बैठकः

यस आयोजनाबाट संचालन गरिने कार्यक्रम कार्यान्वयनको लागि आवश्यक प्राविधिक सहयोग र आयोजनाको वार्षिक कार्यक्रम तथा बजेटको समीक्षा गरी सुझाव सहित स्वीकृतिको लागि आयोजना निर्देशन समितिमा पेश गर्नका लागि समितिको बैठक संचालन गरिनेछ। आयोजनाको स्वीकृत दस्तावेज अनुसार वर्षमा ४ पटक यस समितिको बैठक संचालन गरिनेछ। यस बैठक अन्तर्गत खर्च हुने शिर्षक जस्तै सहभागी भत्ता, खाजा/खाना खर्च, संचार, यातायात आदि जस्ता शिर्षकमा रहेर खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो बैठक संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो बैठक लागि प्रति पटक रु ६०,०००।- को दरले ४ वटाको लागि रु. २,४०,०००।- (दुई लाख चालिस हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

आयोजनाको वार्षिक कार्यक्रम तथा बजेटको समीक्षा गरी सुझाव सहित स्वीकृतिको लागि आयोजना निर्देशन समितिमा पेश हुनेछ।

## ३.१.४ राष्ट्रिय/क्षेत्रीय/विश्वव्यापी कार्यक्रममा सहभागिताः

वन, भूमि र जैविक विविधता सम्बन्धी राष्ट्रिय/क्षेत्रीय/विश्वव्यापी तालिम, गोष्ठी, अध्ययन भ्रमण जस्ता कार्यक्रममा यस आयोजनासँग सरोकार राख्ने सरकारी कार्यालयका कर्मचारीहरुले भाग लिन सक्ने छन्। आयोजनाको स्वीकृत दस्तावेज अनुसार वर्षमा २ पटक वा एकै पटकमा पनि यो कार्यक्रम संचालन गरिनेछ। यसमा सहभागीहरुले प्रतिवेदनको साथै प्राप्त गरेको अनुभव आदानप्रदान गर्नुपर्नेछ। यस कार्यक्रम अन्तर्गत खर्च हुने शिर्षक जस्तै सहभागी दैनिक भ्रमण भत्ता, संचार, यातायात आदि जस्ता शिर्षकमा रहेर खर्च गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. १०,००,०००।- (दश लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

अपेक्षित उपलब्धि

यस कार्यक्रममा सहभागी भएका कर्मचारी/पदाधिकारीको वन, भूमि र जैविक विविधता सम्बन्धी ज्ञान, सीप र दक्षतामा अभिवृद्धि भएको हुनेछ।

## ३.१.५ सञ्चार र श्रव्य उत्पादन र प्रसार (श्रव्य भिजुअल, लीफलेट, ब्रोसर) :

वन, भूमि र जैविक विविधता सम्बन्धी जनचेतना अभिवृद्धि गर्नको लागि मन्त्रालय/आयोजना व्यवस्थापन इकाई/आयोजना सहयोग इकाई (५ वटा डिभिजन वन कार्यालय) हरूले आयोजना कार्यान्वयन क्षेत्रका स्थानीय जनताहरु समेतको लागि पोष्टर, पम्प्लेट, होडिङ्ग बोर्ड, ब्रोसर, पुस्तिका, झोला, टिसर्ट, टोपी, अडियो/भिडियो कार्यक्रम तथा प्रसारण आदिको तयार/निर्माण गरी प्रचारप्रसार गरिनेछ। यस कार्यक्रममा विनियोजित बजेट प्रचलित ऐन कानुन तथा स्वीकृत नर्मस् परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि जम्मा बजेट रु.१०,३०,०००।-(दश लाख तिस हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

अपेक्षित उपलब्धि

प्रचार प्रसारको माध्यमबाट स्थानीय स्तरमा वन, भूमि र जैविक विविधताको संरक्षणमा जनसाधारणमा सकारात्मक जनचेतनामा अभिवृद्धि भएको हुनेछ।

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## ३.१.६ वन/वातावरण/वन्यजन्तु/वनस्पति/जैविक विविधता आदि सम्बन्धी दिवस/ महोत्सव दिवस, समारोह, सभा (वन/वातवरण/वन्यजन्तु/वनस्पति आदि) :

यस कार्यक्रम अन्तर्गत आ. व. २०८२/०८३ को विभिन्न मितिमा संचालन हुने दिवस समारोह जस्तै, विश्व वातावरण दिवस, भू-संरक्षण दिवस, राष्ट्रिय वृक्षारोपण दिवस, जैविक विविधता दिवस, सामुदायिक वन दिवस, सिमसार दिवस, चुरे दिवस, वन्यजन्तु सप्ताह, वन डढेलो सप्ताह, सरसफाई सप्ताह जस्ता वन, वातावरण तथा जैविक विविधतासँग सम्बन्धित दिवस संचालन गरिनेछ। आयोजनाको स्वीकृत दस्तावेज अनुसार PMU र PSU मा गरी वर्षमा ७ पटक संचालन गरिनेछ। यसको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईले दिवशको उद्देश्य अनुसारको प्रचारप्रसार सामाग्री छपाई तथा वितरण, वृक्षारोपण कार्यक्रम, अन्तरक्रिया कार्यक्रम, सरसफाई कार्यक्रम, दिवशको उद्देश्यसँग सम्बन्धित कार्यक्रम तयार गरी स्वीकृत नर्मसको आधारमा लागत अनुमान स्वीकृत गरी आवश्यक रकम खर्च गर्न सक्नेछन्। वनसँग सरोकार राख्ने संघसंस्था, समूहहरु मार्फत समेत यो कार्यक्रम संचालन गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नु पर्नेछः

- समारोह अन्तर्गत गरिएका क्रियाकलापहरु,
- क्रियाकलापहरु संचालन गरिएका स्थान,
- फोटो, होर्डिङ्ग बोर्ड तथा ब्यानर आदि।

### जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थावाट पनि संचालन गर्न सकिनेछ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि जम्मा बजेट रु. ७,००,०००।- (सात लाख रुपैया मात्र) व्यवस्था गरिएको छ। जसमध्ये आयोजना व्यवस्थापन इकाईको लागि रु. २,००,०००।- र ५ वटा डिभिजन वन कार्यालयहरुको लागि रु. ५,००,०००।- व्यवस्था गरिएको छ।

### अपेक्षित उपलब्धि

वन, वातावरण, जैविक विविधता, तथा जीवजन्तुको संरक्षण तथा व्यवस्थापनको सम्बन्धमा सचेतना अभिवृद्धि हुने तथा वातावरण सम्बन्धी प्रचारप्रसारका कार्यक्रमहरु संचालन भएको हुनेछ।

पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश सरकार विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा प्रदेश सचिव

## ३.१.७ मन्त्रालयमा बहु-सरोकारवाला समन्वय/समीक्षा बैठक (प्रदेश स्तर) :

वन, भूमि र जैविक विविधता सम्बन्धी प्रदेश स्तरीय बहु-सरोकारवालाहरुको सहभागितामा समन्वय/समीक्षा बैठक संचलान गरिनेछ। आयोजनाको स्वीकृत दस्तावेज अनुसार वर्षमा १ पटक बहु-सरोकारवाला समन्वय/समीक्षा बैठक संचालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत खर्च हुने शिर्षक जस्तै सहभागी भत्ता, खाजा/खाना खर्च, संचार, यातायात आदि जस्ता शिर्षकमा रहेर खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो बैठक संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यस बैठकको लागि बजेट रु. २,००,०००।- (दुई लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस आ.व. मा संचालन भएका कार्यक्रम/क्रियाकलापहरुको समन्वय तथा समीक्षा भई भावी कार्यक्रमको कार्यान्वयनमा थप सहजता आउनेछ।

## ३.१.८ ऐन, नियम, कार्यविधि, निर्देशिका तयारीमा प्रदेश मन्त्रालयलाई सहयोग गर्ने (प्रादेशिक ऐन, नियम, नियमावली, निर्देशिका, मापदण्ड आदि निर्माण (मस्यौदा तयारी, छलफल/अन्तरक्रिया/बैठक) :

पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई आवश्यक पर्ने कानुन जस्तै: ऐन, नियम, कार्यविधि, निर्देशिका आदि तयारी/निर्माणमा आवश्यक सहयोग गरिनेछ। यस कार्यक्रमको रकम प्रादेशिक ऐन, नियम, नियमावली, निर्देशिका, मापदण्ड आदि निर्माण (मस्यौदा तयारी, छलफल/अन्तरक्रिया/बैठक) मा खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ तथा परामर्शवाट पनि खरिद गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**अपेक्षित उपलब्धि**

वन, भूमि र जैविक विविधता सम्बन्धी ऐन, नियम, कार्याविधि, निर्देशिका तयार भएको हुनेछ।

## ३.१.९ कम्प्युटर, ल्यापटप र आयोजना कर्मचारीका लागि अन्य उपकरणहरु:

आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईबाट कम्प्युटर, ल्यापटप र आयोजना कर्मचारीका लागि अन्य उपकरणहरु स्वीकृत नर्म्स/स्वीकृत दररेट तथा प्रचलित ऐन, नियमको परिधिभित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ६,००,०००।- (छ लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

आयोजनाको कार्यक्रम संचालन गर्न आवश्यक पर्ने उपकरणहरु खरिद भई आयोजनाको कार्य सम्पादनमा सहयोग हुनेछ।

## ३.१.१० PAMEB सम्बन्धित जानकारी सम्प्रेषण:

Participatory Assessment, Monitoring, and Evaluation of Biodiversity (PAMEB) को फिल्ड-परीक्षण र पाइलटिङबाट निस्किएको नतिजालाई आयोजना कार्यान्वयन क्षेत्रहरुमा सरोकारवालाहरु बीच सम्प्रेषण गर्न प्रचारप्रसार सामग्री जस्तैः पर्चा, पम्प्लेट, ब्रोसर जस्ता सामग्री वितरण गर्नु उद्देश्य रहेको छ। यस शिर्षकको रकम प्रचारप्रसार सामग्री जस्तैः पर्चा, पम्प्लेट, ब्रोसर जस्ता सामग्रीहरुको तयारी तथा छपाइमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ६,५०,०००।- (छ लाख पचास हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यबाट फिल्ड-परीक्षण र पाइलटिङबाट निस्किएको नतिजा आयोजना कार्यान्वयन क्षेत्रहरुमा सरोकारवालाहरु बीच सम्प्रेषण भएको हुनेछ।

## ३.१.११ लैङ्गिक र जैविक विविधता-संवेदनशील स्थानीय स्तरको भूमि प्रयोग योजना प्रक्रियालाई सहज बनाउन उपकरणहरू, स्रोतहरू र सञ्चार सामग्रीहरूको विकास/अनुकूलन गर्ने:

लैङ्गिक र जैविक विविधता-संवेदनशील स्थानीयस्तरको भूमि प्रयोग योजना प्रक्रियालाई सहज वनाउन उपकरणहरू, स्रोतहरू र सञ्चार सामग्रीहरूको विकास/अनुकूलनका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत यो कार्यक्रम गर्नु पर्नेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ। यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २१,००,०००।- (एक्काइस लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

लैङ्गिक र जैविक विविधता-संवेदनशील स्थानीय स्तरको भूमि प्रयोग योजनासँग सम्बन्धित उपकरणहरू, स्रोतहरू र सञ्चार सामग्रीहरूको विकास भएको हुनेछ।

Sanjaya

## ३.१.१२ भू-उपयोग नक्साङ्कन र योजनामा भूपरिधि, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता सम्बन्धी जानकारीलाई एकीकृत गर्न विधिहरू विकास गर्ने:

भू-उपयोग नक्साङ्कन र योजनामा भूपरिधि, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता सम्बन्धी जानकारीलाई एकीकृत गर्न विधिहरू विकास गर्ने कार्यको लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका सेवा प्रदायक संस्थाहरु मार्फत यो कार्यक्रम संचालन गर्नु पर्नेछ। उक्त कार्यको लागि सरोकारवालाहरु बीच विभिन्न चरणमा छलफल/बैठक तथा फिल्डको स्थलगत अनुगमन, निरीक्षण, समूह छलफल, प्रश्नावली जस्ता विधिहरुको प्रयोग गरी विधिहरुको विकास गर्नु पर्नेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ। यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत पनि संचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

भू-उपयोग नक्साङ्कन र योजनामा भूपरिधि, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता सम्बन्धी जानकारीलाई एकीकृत गर्न विधिहरू समावेश भएको संसोधन पुस्तिका तयार भएको हुनेछ।

## ३.१.१३ कोशी प्रदेशको जैविक विविधता प्रोफाइल तयारी र प्रकाशनः

नेपालको सबैभन्दा होचो स्थान कचन कवलदेखि विश्वकै सबैभन्दा अग्लो स्थान सगरमाथा कोशी प्रदेशमा पर्नुका साथै जैविक विविधतामा पनि धनी रहेको छ। हालसम्म पनि कोशी प्रदेशको जैविक विविधता प्रोफाइल तयारी नभएको हुँदा जैविक विविधताको संरक्षण हुन जैविक विविधता प्रोफाइलको तयारी तथा प्रकाशन हुन आवश्यक देखिन्छ। यस कार्यक्रममा विनियोजित बजेट जैविक विविधता प्रोफाइलको तयारी र प्रकाशनमा खर्च गरिनेछ। जैविक विविधता प्रोफाइलको तयारी र प्रकाशन गर्ने कार्यका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत यस प्रदेशको जैविक विविधता प्रोफाइल तयार गरी प्रकाशन गरिनेछ। उक्त कार्यको लागि सरोकारवाला बीच विभिन्न चरणमा छलफल गरी फिल्डको स्थलगत अनुगमन, निरीक्षण, FGD, Questionnaire लगायत अन्य उपयुक्त विधिहरुको प्रयोग गरी यथार्थपरक

तथ्यांकको आधारमा जैविक विविधता प्रोफाइल तयार गरिनेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ। यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप अन्तर्गत बजेट रु. २१,००,०००।- (एक्काइस लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

कोशी प्रदेशको जैविक विविधता प्रोफाइल तयारी र प्रकाशन भएको हुनेछ।

## ३.१.१४ ऐन, नियम, कार्यविधि, निर्देशिका छपाई/प्रकाशन:

पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट तयार भई स्वीकृत ऐन, नियम, कार्यविधि, निर्देशिकाको छपाइ/प्रकाशन गर्ने कार्यमा यस शीर्षकमा भएको विनियोजित रकम नियमानुसार खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

पर्यटन, वन तथा वातावरण मन्त्रालयवाट तयार भई स्वीकृत ऐन, नियम, कार्यविधि, निर्देशिकाको छपाइ/प्रकाशन भएको हुनेछ।

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## ३.१.१५ दिगो भूमि व्यवस्थापन, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता व्यवस्थापनमा कोशी प्रदेश र ३४ वटा स्थानीय तहको संस्थागत क्षमता मूल्याङ्कनः

दिगो भूमि व्यवस्थापन, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता व्यवस्थापन हुन कोशी प्रदेशको सम्बन्धित निकाय तथा आयोजना लागु भएको ३४ वटा स्थानीय तहको संस्थागत क्षमता के कति रहेको छ? सोको संस्थागत क्षमता मूल्याङ्कन गर्न यस शिर्षकको वजेट खर्च गरिनेछ। यसमा सम्बन्धित निकायसँग भएको कानुनी व्यवस्था, जनशक्ति संख्या तथा क्षमता र औजार तथा उपकरण लगायत अन्य संस्थागत क्षमताको बारेमा अध्ययन/मूल्याङ्कन गरिनेछ। यस कार्यक्रमको लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत यस कार्यक्रम संचालन गरिनेछ। उक्त कार्यको लागि सरोकारवाला बीच विभिन्न चरणमा छलफल गरी फिल्डको स्थलगत अनुगमन, निरीक्षण, FGD, questionnaire लगायत अन्य उपयुक्त विधिहरुको प्रयोग गरी यथार्थपरक तथ्यांकको आधारमा संस्थागत क्षमताको मूल्याङ्कन गरिनेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ। यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत पनि संचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १४,५०,०००।- (चौध लाख पचास हजार रुपैया मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

दिगो भूमि व्यवस्थापन, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता व्यवस्थापनमा कोशी प्रदेश र ३४ वटा स्थानीय तहको संस्थागत क्षमताको मूल्याङ्कन भएको हुनेछ।

## ३.१.१६ राष्ट्रिय परामर्शदाता भर्नाः

आयोजनाको क्रियाकलापहरु प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न आयोजना व्यवस्थापन इकाई र पाँच वटै आयोजना सहयोग इकाईहरुमा रहने गरी परामर्शदाता नियुक्ति गरिनेछ। यसका लागि आयोजनाको Funding Proposal बमोजिम बजेट नोटलाई समेत मध्यनजर गरी विभिन्न (जैविक विविधता विज्ञ/प्राविधिक टोली नेता १ जना, भूउपयोग योजना सहयोग अधिकृत ५ जना, वन तथा जैविक विविधता सहयोग अधिकृत ५ जना, उद्यम र जीविकोपार्जन सहयोग अधिकृत २ जना, लैङ्गिक समानता र सामाजिक समावेशीकरण तथा सुरक्षा

विज्ञ १ जना, वन तथा कृषि पैदावार मूल्य शृंखला विज्ञ १ जना) परामर्शदाताको काम, कर्तव्य, अधिकारको साथै उक्त पदको लागि चाहिने न्युनतम योग्यता आदि बिषयहरु समेटी कार्यक्षेत्रगत शर्तहरू (ToR) तयार गरी पाउने सेवा सुविधा सम्बन्धमा प्रचलित दररेट तथा नर्मसलाई आधार मानी लागत अनुमान (Cost Estimate) तयार गरी नेपाल/प्रदेश सरकारको प्रचलित नीति नियम अनुसार तोकिएको अवधिका लागि नियुक्ति/परामर्श सेवा खरिद गरी कामकाजमा लगाउन यो शीर्षकमा विनियोजित रकम नियमानुसार खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ। यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १,५०,६०,०००।- (एक करोड पचास लाख साठी हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

परामर्श सेवा खरिद गरी आयोजनाको कार्यक्रमहरु कार्यान्वयनमा सहयोग हुनेछ।

## ३.१.१७ वित्त सहायकः

आयोजनाको कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न आयोजना व्यवस्थापन इकाईमा रहने गरी १ जना वित्त सहायक नियुक्ति गरिनेछ। यसका लागि वित्त सहायकको काम, कर्तव्य, अधिकार साथै उक्त पदको लागि चाहिने न्युनतम योग्यता आदि विषयहरु समेटी कार्यक्षेत्रगत शर्तहरू (ToR) तयार गरी नेपाल/प्रदेश सरकारको प्रचलित नीति नियम अनुसार तोकिएको अवधिका लागि नियमानुसार नियुक्ति गरी कामकाजमा लगाई तोकिएको सेवा सुविधामा यो शीर्षकमा विनियोजित रकम नियमानुसार खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ३,९६,०००।- (तीन लाख छ्यानब्बे हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यसबाट १ जना वित्त सहायक भर्ना भई आयोजना व्यवस्थापन इकाईको समग्र व्यवस्थापनमा सहयोग पुग्नेछ।

## ३.१.१८ अनुगमन, मूल्याङ्कन तथा सञ्चालन सहायकः

आयोजनाको कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न आयोजना व्यवस्थापन इकाईमा रहने गरी एक जना अनुगमन, मूल्याङ्कन तथा सञ्चालन सहायक भर्ना गरिनेछ। यसका लागि वन विज्ञान विषयमा स्नातक तहको योग्यता पुरा गरेको हुनुपर्नेछ। यसमा अधिकृत कर्मचारीको रुपमा भर्ना गरी कामकाज गराउन र सोही बमोजिम पारिश्रमिक उपलब्ध गराउन यो बजेटको विनियोजन गरिएको छ। यस आयोजना व्यवस्थापन इकाईमा काम गरेको उम्मेदवारलाई प्राथमिकता दिइनेछ। यसका लागि अनुगमन, मूल्याङ्कन तथा सञ्चालन सहायकको काम, कर्तव्य, अधिकार साथै उक्त पदको लागि चाहिने न्युनतम योग्यता आदि विषयहरु समेटी कार्यक्षेत्रगत शर्तहरू (ToR) तयार गरी नेपाल/प्रदेश सरकारको प्रचलित नीति नियम अनुसार तोकिएको अवधिका लागि नियमानुसार नियुक्ति गरी कामकाजमा लगाई तोकिएको सेवा सुविधामा यो शीर्षकमा १० महिनाको लागि विनियोजित रकम नियमानुसार खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ४,५०,०००।- (चार लाख पचास हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यसबाट १ जना अनुगमन, मूल्याङ्कन तथा सञ्चालन सहायक भर्ना भई आयोजना व्यवस्थापन इकाईको समग्र व्यवस्थापनमा सहयोग पुग्नेछ।

## ३.१.१९ वार्षिक योजना तर्जुमा तथा समीक्षा गोष्ठीः

यस आयोजनाको आगामी आ. व. को लागि तयार पारेका योजनाहरुमा विस्तृत छलफल गरी प्राथमिकता तोकी प्राप्त बजेट सिलिङ्ग भित्र रही वार्षिक योजना निर्माण गर्न यो कार्यक्रम राखिएको हो। यसमा आयोजना लागु भएको जिल्लाहरुवाट आयोजनाको दस्तावेजमा उल्लेख भएको कार्यक्रमको आधारमा डिभिजन वन कार्यालयबाट प्रस्तावित कार्यक्रमहरुलाई योजना तर्जुमा गोष्ठीमा प्रस्तुत गरी तोकिएको सिलिङ्गको अधिन भित्र रही वार्षिक योजनाहरु तयार गरिनेछ। यस वार्षिक योजना तर्जुमा गोष्ठी र प्रगति समीक्षा गोष्ठी मन्त्रालय, निर्देशानलय र आयोजना लागु भएका डिभिजन वन कार्यालयका कर्मचारीहरूको सहभागितामा संचालन गरिनेछ। कार्यक्रम संचालन गर्दा सम्भव भएसम्म कार्यालयको हलमा नै संचालन गर्नुपर्नेछ। आयोजनाको स्वीकृत कार्यक्रम अनुसार वर्षमा १ पटक समीक्षा गोष्ठी र १ पटक योजना तर्जुमा गोष्ठी संचालन गरिनेछ। यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, समन्वय भत्ता, खाना, खाजा, संचार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा स्वीकृत नर्मसको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भईसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण तथा माइन्यूट, फोटो एवं खर्च बिल भर्पाई सहितको गोष्ठी संचालन प्रतिवेदन पेश गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

१ पटक वार्षिक योजना तर्जुको लागि रु १,५०,०००।- र १ पटक समीक्षा गोष्ठी संचालनको लागि रुं १,५०,०००।- गरी जम्मा बजेट रु. ३,००,०००।- (तीन लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस आ.व. मा संचालन भएका कार्यक्रम/क्रियाकलापहरुको समीक्षा हुने तथा आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तर्जुमा हुने अपेक्षा गरिएको छ।

## ३.१.२० रेडपाण्डा सम्मेलनमा ज्ञान आदान प्रदान सहयोग (खोटाङ्ग) :

प्राकृतिक अवस्थामा हाब्रेको घट्दो जनसंख्यालाई मध्यनजर गरी हाब्रेको संरक्षण र विकास गर्नका लागि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले आयोजना गर्न लागेको बायो-रेथा अन्तर्राष्ट्रिय सम्मेलन २०२५ (रेड पाण्डा-थार-हिमालयन जैविक विविधता) मा खर्च गर्नको लागि यो बजेटको व्यवस्था गरिएको छ। आयोजकले उक्त सम्मेलनमा हुने खर्चको आर्थिक तथा प्राविधिक प्रस्ताव सहित पर्यटन, वन तथा वातावरण मन्त्रालय पेश गर्नु पर्नेछ। मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएपछि मुख्य आयोजक दिक्तेल

रुपाकोट मझुवागढी नगरपालिका र मन्त्रालय बीच सम्झौता भई सोही अनुसार खर्च गर्नु पर्नेछ। कार्य सम्पन्न भएपछि बिल, भरपाई, फोटो, प्रतिवेदन सहित भुक्तानीको लागि मन्त्रालय मार्फत आयोजनामा निवेदन पेश गर्नु पर्नेछ।

### जनशक्ति व्यवस्थापन

सम्मेलन आयोजना गर्ने दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि रु. ५,००,०००।- (रू पाँच लाख रुपैया मात्र) बजेट विनियोजन गरिएको छ ।

### अपेक्षित उपलब्धि

रेडपाण्डा संरक्षण सम्बन्धी ज्ञान आदान प्रदान हुनेछ।

## ३.१.२१ वार्षिक प्रतिवेदन:

आयोजना संचालनमा रहेको डिभिजन वन कार्यलय ताप्लेजुङ्ग, पाँचथर, इलाम, तेह्रथुम, संखुवासभा र आयोजना व्यवस्थापन इकाईवाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन भएका विभिन्न क्रियाकलापहरुको प्रगतिको अवस्था, कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा समाधानका उपायहरु समेटी वार्षिक प्रगति पुस्तिका प्रकाशन तथा वितरणको कार्य यस क्रियाकलाप अन्तर्गत संचालन गरिनेछ। यस शिर्षकको रकम तथ्याङ्क संकलन, विश्लेषण, मसलन्द, छलफल, छपाइ आदिमा यो रकम खर्च गर्न सकिनेछ। कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा प्रकाशित सामग्रीको संख्या र प्रकाशित सामग्री र सोको डिजिटल कपि समेत समावेश गर्नुपर्दछ।

### बजेट व्यवस्थापन

यो क्रियाकलाप संचालनको लागि बजेट रु. ६,००,०००।- (छ लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

### अपेक्षित उपलब्धि

आयोजना संचालित जिल्ला र आयोजना व्यवस्थापन इकाईको वार्षिक प्रगति पुस्तिका प्रकाशन भएको हुनेछ।

## ३.२ आयोजना सहयोग इकाईबाट गर्ने क्रियाकलापहरु

### ३.२.१ PAMEB को फिल्ड-परीक्षण र पाइलटिङ गर्ने:

Participatory Assessment, Monitoring, and Evaluation of Biodiversity (PAMEB) को फिल्ड-परीक्षण र पाइलटिङ गर्ने कार्यका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत आयोजना कार्यान्वयन भई रहेका जिल्लाहरुमा जैविक विविधताको सहभागितामूलक मापन, अनुगमन तथा मुल्याङ्कन गरी फिल्ड स्तरमा परीक्षण तथा पाइलटिङ गर्नु पर्नेछ। उक्त कार्यको लागि सरोकारवालाहरु बीच विभिन्न चरणमा छलफल गरी फिल्डको स्थलगत अनुगमन, निरीक्षण, FGD, questionnaire लगायत अन्य उपयुक्त विधिहरुको प्रयोग गरी यथार्थपरक तथ्यांकको आधारमा PAMEB को प्रतिवेदन तयार गर्नु पर्नेछ। यस कार्यक्रममा विनियोजित वजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालन गर्नको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु वा परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि प्रत्येक आयोजना सहयोग इकाईलाई प्रति पटक रु ५,४०,०००।- का दरले जम्मा रु. २७,००,०००।- (सत्ताइस लाख रुपैया मात्र) बजेट विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट आयोजना कार्यान्वयन भई रहेका जिल्लाहरुमा जैविक विविधता सम्बन्धी यथार्थपरक तथ्यांक र सोको अवस्थाको बारेमा जानकारी हुनेछ।

### ३.२.२ स्थानीय तहहरु वीचमा आयोजना स्थल अवलोकन भ्रमण:

गत आ. व. हरुमा यस आयोजनावाट संचालन भएका वन, भूमि र जैविक विविधता सम्बन्धी विभिन्न कार्यक्रमहरुको असल अभ्यासहरुको सिकाइ, समन्वय र सहयोगमा थप ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न अवलोकन भ्रमणको कार्यक्रम राखिएको छ। यसमा स्थानीय तह, डिभिजन वन कार्यालयका कर्मचारीहरु, सामुदायिक/कबुलियती वन उपभोक्ता समूहका पदाधिकारीहरु, नेफिनका पदाधिकारीहरु, हिमवन्तीका पदाधिकारीहरु, लगायत वनसँग सम्बन्धित संघसंस्थाका पदाधिकारीहरु सहभागि हुनेछन्। प्रत्येक आयोजना संचालित जिल्लाहरुमा १ पटकका दरले यो कार्यक्रम संचालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत खर्च हुने शिर्षक जस्तैः भ्रमण भत्ता, खाजा खर्च, संचार, यातायात, प्रचारप्रसार सामग्री जस्तैः झोला, टिसर्ट, टोपी आदि जस्ता शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ।

### जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि प्रत्येक आयोजना सहयोग इकाईलाई प्रति पटक रु ४,००,०००।- का दरले जम्मा बजेट रु. २०,००,०००।-(बिस लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

### अपेक्षित उपलब्धि

आयोजना कार्यान्वयन भएका क्षेत्रहरुमा स्थानीय तहका वन, भूमि र जैविक विविधता सम्बन्धी सरोकारवालाहरुको सिकाइमा थप ज्ञान, सीप र क्षमता अभिवृद्धि भएको हुनेछ।

## ३.२.३ ३४ वटा भू-परिधि नीति र भू-उपयोग योजनाहरू तयार गर्न प्रदेश मन्त्रालय र स्थानीय तहहरूलाई सहयोग गर्ने:

आयोजना संचालन भएको ३४ वटा स्थानीय तहको भूमि व्यवस्थापन संरक्षण र उपयोगको लागि आवश्यक पर्ने नीति, नियम र मार्गदर्शनको व्यवस्था गरिनेछ। भू-परिधि नीतिको आधारमा भूमि स्रोतलाई विभिन्न प्रयोजन अनुसार वर्गीकरण, जोनिङ्ग तथा दीर्घकालिन उपयोगको लागि विस्तृत भू-उपयोग योजना तयार गरिनेछ। यो कार्यक्रमको लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। स्थानीय तहको भू-परिधि नीति र भू-उपयोग योजनाहरू तयार गर्न तथा उक्त कार्यमा एकरुपता ल्याउनका लागि TOR र लागत अनुमान तयार गर्न आयोजना सहयोग इकाईका कर्मचारीहरूले आयोजना व्यवस्थापन इकाई र स्थानीय तहको आवश्यक सहयोग लिन सक्नेछ।एउटै भूपरिधि दुई वा दुई भन्दा बढी स्थानीय तहमा पर्न गएमा स्थानीय तह बीच एक अर्कामा समन्वय गरी गरिनेछ। आयोजना सहयोग इकाईले यस कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नको लागि स्थानीय तहको सहयोग, समन्यव र सहकार्यमा संचालन गरिनेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ।

### जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालन गर्नको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु वा परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु वा स्थानीय तहका कर्मचारीहरु मार्फत संचालन हुनेछ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि प्रत्येक आयोजना सहयोग इकाईलाई आयोजना लागु भएको ३४ वटा स्थानीय तहका लागि प्रति स्थानीय तह रु १०,७५,०००।- का दरले जम्मा बजेट रु. ३,६५,५०,०००।- (तिन करोड पैसठ्ठी लाख पचास हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**अपेक्षित उपलब्धि**

स्थानीय स्तरमा ३४ वटा भू-परिधि नीति र भू-उपयोग योजना तयार भएको हुनेछ।

## ३.२.४ <u>जैविक विविधता नक्साङ्कन /अनुगमनका लागि उपकरण:</u>

डिभिजन वन कार्यालयहरुबाट वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण/नक्साङ्कन/अनुगमनका लागि आवश्यक पर्ने उपकरणहरु जस्तैः G.P.S., Vertex, Increment Borer, Diameter tape, Measuring tape, Range finder जस्ता अन्य आवश्यक आधुनिक उपकरणहरु स्वीकृत नर्म्स/दररेट तथा प्रचलित ऐन नियमको परिधिभित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि प्रत्येक आयोजना सहयोग इकाईलाई रु १,५०,०००।— का दरले जम्मा रु. ७,५०,०००।- (सात लाख पचास हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

वन तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन कार्यमा सहयोग पुग्नेछ।

## ३.२.५ <u>KMIS र FMIS मा सरकारी अधिकारीहरू, FECOFUN, BCN, स्थानीय स्तरहरू र CFUG लाई तालिम दिनेः</u>

KMIS भनेको ज्ञान र सूचना व्यवस्थापन प्रणाली हो। यसले विभिन्न प्रकारका तथ्याङ्क, अनुसन्धान, नीति निर्देशन,प्राविधिक ज्ञान वा अध्ययन सामग्रीलाई संकलन, भण्डारण, विश्लेशण र प्रयोग गर्न सजिलो बनाउँछ। FMIS वन व्यवस्थापनलाई प्रभावकारी बनाउन कम्प्युटरमा आधारित सूचना प्रणाली हो। जसको उद्देश्य देहाय बमोजिम रहेको छः

- वन सम्बन्धी तथ्याङ्क (Forest Inventory Data) सुरक्षित राख्ने,
- वन क्षेत्र, प्रजाति, वनस्पति, जैविक विविधता आदि सम्बन्धी अभिलेख व्यवस्थित गर्ने,
- GIS Mapping, Remote sensing मार्फत वन क्षेत्रको निगरानी गर्ने,
- वन उपयोग कटानी, पुनःरोपण, दिगो वन व्यवस्थापन योजना बनाउन सहयोग गर्ने,
- नीति निर्माण, अनुसन्धान र निर्णय प्रक्रियामा वैज्ञानिक तथ्यपरक प्रमाण उपलब्ध गराउने।

उपरोक्त बमोजिमको उद्देश्य प्राप्त गर्न KMIS र FMIS जस्ता विषयहरुमा सरोकारवालाहरु जस्तैः सरकारी कर्मचारीहरू, FECOFUN, BCN, स्थानीय तहका कर्मचारीहरू, CFUG र LFUG लगायतका वनसँग

सरोकार राख्ने संस्थाहरूलाई डिभिजन वन कार्यालयबाट तालिम संचालन गरिनेछ। यसको लागि प्रति तालिम रु २,५०,०००।- को दरले खर्च गरी १४ पटक संचालन गर्नु पर्नेछ। आयोजना सहयोग इकाई पाँचथर र तेह्रथुमले ४/४ पटक र आयोजना सहयोग इकाई ताप्लेजुङ्ग, इलाम र संखुवासभाले २/२ पटक संचालन गर्नु पर्नेछ। यस शीर्षकमा विनियोजित बजेट स्वीकृत लागत अनुमान अनुसार इन्धन, संचार, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालिम सामग्री, दैनिक भ्रमण तथा तालिम भत्ता, खाजा/खाना आदिमा समेत नियमानुसार खर्च गर्न सकिनेछ।

### जनशक्ति व्यवस्थापन

यो तालिम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

### बजेट व्यवस्थापन

यस तालिमको लागि रु. ३५,००,०००।- (पैतिस लाख रुपैया मात्र) बजेट विनियोजन गरिएको छ।

### अपेक्षित उपलब्धि

यस कार्यक्रम जिल्ला स्तरमा १४ पटक KMIS र FMIS सम्बन्धी तालिम संचालन भएको हुनेछ ।

## ३.२.६ दिगो भूमि व्यवस्थापन, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD) मा स्थानीय स्तरको योजना/समीक्षा कार्यशाला:

यस आयोजनाको कार्यक्षेत्र अन्तरगतको स्थानीय तहको दिगो भूमि व्यवस्थापन, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD) का लागि मौजुदा योजनाको बारेमा छलफल गरी उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गरी स्थानीय तहको योजना/समीक्षा गरी प्राप्त उपयुक्त सुझावहरूलाई स्थानीय तहको योजनामा एकीकृत गरी कार्यान्वयन गरिनेछ। यसमा स्थानीय तह, डिभिजन वन, सब डिभिजन वन कार्यालय, वनस्पति कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय र अन्य सम्बन्धित सरोकारवालाहरुको सहभागिता रहनेछ। आयोजना संचालनमा रहेको ३४ वटा स्थानीय तहमा प्रत्येक स्थानीय तहमा ३ वटाका दरले संचालन गरिनेछ। जसको लागि प्रति कार्यशाला गोष्ठी रु ५४,०००/- का दरले छुट्याएको छ। यो कार्यक्रम संचालन गर्नका लागि विनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, संचार, इन्धन, यातायात, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

### जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि बजेट रु ५५,०८,०००।- (पचपन्न लाख आठ हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

३४ वटा स्थानीय तहको योजना/समीक्षा गरी प्राप्त उपयुक्त सुझावहरूलाई स्थानीय तहको योजनामा समावेश भएको हुनेछ।

## ३.२.७ सामुदायिक वन उपभोक्ता समूह र स्थानीय तहहरूलाई जैविक विविधताको सहभागितामूलक अनुगमन र मूल्याङ्कन (PAMEB) मा तालिमः

यसमा सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, स्थानीय तह तथा वनसँग सरोकार राख्ने अन्य संघसंस्थाका कर्मचारी/प्रतिनिधिहरुलाई जैविक विविधताको सहभागितामूलक अनुगमन र मूल्याङ्कन (PAMEB) सम्बन्धी तालिम दिइनेछ। यस तालिमको उद्देश्यहरु निम्न रहेका छन्।

- जैविक विविधताको उपलब्धता, उपयोग र संरक्षणबारे जानकारी गराउने,
- स्थानीय तथा परम्परागत ज्ञान (Indigenous and Traditional Knowledge) र वैज्ञानिक विधि संयोजन गरेर अनुगमन गर्ने सिपको विकास गर्ने,
- वन व्यवस्थापन योजनामा Biodiversity Indicators समावेश गर्ने सम्बन्धी दक्षता वृद्धि हुने,
- अनुगमन मूल्याङ्कनको नतिजा नीति तथा योजना कार्यान्वयनमा प्रयोग गर्ने सीपको विकास हुने।

आयोजना संचालनमा रहेको ३४ वटा स्थानीय तहमा प्रत्येक स्थानीय तहमा १ वटाका दरले संचालन गरिनेछ। जसको लागि प्रति तालिम रु १,५०,०००/- का दरले छुट्याएको छ। यो तालिम विशेष गरी महिला, आदिवासी/जनजाति, गरिब, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, सीमान्तकृत र जोखिममा परेका समूह, जैविक विविधतासँग सम्बन्धित स्थानीय तथा परम्परागत ज्ञान भएको व्यक्ति आदिलाई प्राथमिकता दिइनेछ। यो कार्यक्रम संचालन गर्नका लागि विनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, संचार, इन्धन, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो तालिम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**बजेट व्यवस्थापन**

यो तालिम सम्पन्न गर्न रु ५१,००,०००।- (एकाउन्न लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

३४ पटक जैविक विविधताको सहभागितामूलक अनुगमन र मूल्याङ्कन (PAMEB) सम्बन्धीको तालिम संचालन भई क्षमतामा अभिबृद्धि भएको हुनेछ ।

## ३.२.८ दिगो भूमि व्यवस्थापन, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD) मा सरोकारवाला परामर्श बैठकहरू:

यस आयोजनाको कार्यक्षेत्रको दिगो भूमि व्यवस्थापन, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD) को संरक्षणको लागि सरोकारवालाको बैठक बसी आवश्यक राय सुझावहरु संकलन गरी सोही बमोजिम कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यस बैठकमा आयोजनाको कार्यक्षेत्र अन्तर्गतको सम्बन्धित सरोकारवाला डिभिजन/सव डिभिजन वन कार्यालय, जिल्ला स्थित कृषि कार्यालय, वनस्पति कार्यालय, स्थानीय तह, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, FECOFUN लगायतका विभिन्न सामुदायिक संस्थाहरुको सहभागिता गराई परामर्श बैठक संचालन गरिने छन्। आयोजना संचालनमा रहेको प्रत्येक जिल्लाहरुमा १० पटक संचालन गरिनेछ। जसको लागि प्रति बैठक रु ४०,०००/- का दरले छुट्याएको छ। यो कार्यक्रम संचालन गर्नका लागि यस शिर्षकमा विनियोजित बजेट बैठक भत्ता, खाजा/खाना खर्च, यातायात, संचार खर्च, इन्धन, हल भाडा लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि बजेट रु २०,००,०००।- (बिस लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

५० पटक दिगो भूमि व्यवस्थापन, भूमि क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD) सम्वन्धी सरोकारवालाहरु बीच बैठक संचालन भएको हुनेछ।

Sanjay

## ३.२.९ लाभ बाँडफाँडमा महिला, सीमान्तकृत र जोखिममा परेका समूहहरूको शैक्षिक तथा सचेतना र अभिवृद्धि गराउने तालिम (सरकार र परियोजनाको पहलमा) :

यसमा प्राकृतिक श्रोतहरूको व्यवस्थापनमा सक्रिय सहभागिता र तिनबाट प्राप्त हुने लाभ (आर्थिक, सामाजिक वा वातावरणीय) वितरण गर्दा महिला, आदिवासी/जनजाति, गरिब, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, सीमान्तकृत, मधेशी, मुस्लिम र जोखिममा परेका समूहहरुलाई सचेत गराउने र उनीहरुको क्षमता अभिवृद्धि गर्ने कार्य गरिन्छ।यस तालिममा खास गरेर प्राकृतिक श्रोतबारे शैक्षिक तथा सचेतना (अधिकार र जिम्मेवारी, समान पहुँच, नीति नियमबारे जानकारी) तथा क्षमता अभिवृद्धिको काम (निर्णय प्रक्रियामा सहभागिता, आर्थिक सशक्तिकरण र नेतृत्व सीप) आदिको बारेमा तालिम दिइनेछ। आयोजना संचालनमा रहेको प्रत्येक जिल्लाहरुमा २ पटक संचालन गरिनेछ। जसको लागि प्रति तालिम रु २,६२,५००/- का दरले छुट्याएको छ। यो कार्यक्रम संचालन गर्नका लागि विनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, संचार, इन्धन, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

### जनशक्ति व्यवस्थापन

यो तालिम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकतानुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

### बजेट व्यवस्थापन

यो तालिम सम्पन्न गर्न रु २६,२५,०००।- (छब्बिस लाख पच्चिस हजार रुपैया मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

यो तालिम १० पटक संचालन भई सहभागीहरूको क्षमतामा अभिवृद्धि भएको हुनेछ।

## ३.२.१० ३४ वटा भू-उपयोग योजनामा जैविक विविधता र भूमि क्षयीकरण तटस्थतालाई एकीकृत गर्न स्थानीय तहलाई सहयोग गर्ने:

स्थानीय तहको भू-उपयोग योजनामा जैविक विविधता र भूमि क्षयीकरण तटस्थतालाई एकीकृत गर्न आवश्यक रहेको छ। भू-उपयोग योजना स्थानीय तहको विकास, दिगो वन व्यवस्थापन, कृषि वन व्यवस्थापन, भौतिक संरचना निर्माण, बसोबास विस्तार र प्राकृतिक श्रोतको प्रयोगको आधार हो। यस कार्यक्रममा भू-उपयोग योजना तर्जुमा प्रक्रिया, नीतिगत तथा प्राविधिक विषय, जैविक विविधता र भूमि क्षयीकरण तटस्थता जस्ता विषयमा क्षमता अभिवृद्धि, कार्यक्रम कार्यान्वयन र अनुगमन मूल्याङ्कन सम्बन्धी

विषयमा छलफल गरी कार्यक्रम संचालन गरिनेछ। यो कार्यक्रम आयोजना सहयोग इकाईहरुबाट ३४ वटा स्थानीय तहलाई उक्त कार्यको लागि सरोकारवाला बीच विभिन्न चरणमा छलफल/बैठक तथा फिल्डको स्थलगत अनुगमन, निरीक्षण जस्ता विधिहरुको प्रयोग गरी जैविक विविधता र भूमि क्षयीकरण तटस्थतालाई स्थानीय तहको भूउपयोग योजनामा एकीकृत गरिनेछ। आयोजना संचालनमा रहेको ३४ वटा स्थानीय तहमा यो कार्यक्रम संचालन गरिनेछ। जसको लागि प्रति स्थानीय तह रु ३५,०००/- का दरले छुट्याएको छ। यो कार्यक्रम संचालन गर्नका लागि विनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, संचार, इन्धन, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु ११,९०,०००।- (एघार लाख नब्बे हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

३४ वटा स्थानीय तहको भूउपयोग योजनामा जैविक विविधता र भूमि क्षयीकरण तटस्थता एकीकृत भएको हुनेछ।

## ३.२.११ सामुदायिक वन्यजन्तु शिकार र अग्नि नियन्त्रण संजालको क्षमता विकासः

सुख्खा याम अर्थात् फाल्गुण-चैत्र देखि नै वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागी एवं डढेलोको प्रकोप गम्भीर रुपमा देखा पर्दै आएको छ। कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा बाहिर पनि वन डढेलो प्रकोप देखापर्ने गरेको छ। वन क्षेत्रहरूमा अवैध तरीकावाट वन्यजन्तुको शिकार दिनानुदिन बढ्दो क्रममा रहेको छ। वन डढेलोको नियन्त्रण र वन्यजन्तु शिकार नियन्त्रण गर्न आवधिक योजना सहितको रणनीतिक योजनामा उल्लेखित Action plan हरु एउटा मुख्य आधार हुनेछ।

आयोजना संचालित प्रत्येक जिल्लाहरुले आयोजना संचालन अवधि भित्र अग्नि नियन्त्रण सञ्जाल १ वटा र सामुदायिक वन्यजन्तु शिकार नियन्त्रण संजाल १ वटा गठन गर्नु पर्नेछ। हाल सम्म तोकीएको परिमाणमा गठन नभएको भए उक्त परिमाणमा अग्नि नियन्त्रण सञ्जाल र सामुदायिक वन्यजन्तु शिकार नियन्त्रण संजालको गठन गर्नु पर्दछ। यो कार्यक्रमको कार्ययोजना बनाई कार्यालय प्रमुखवाट स्वीकृत गरी संचालन गरीनेछ। यस शिर्षकमा व्यवस्था भएको रकम संजाल गठन, संजालका सदस्यहरूको क्षमता विकास तालिम, अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल बैठक र

परिचालन, वनक्षेत्रमा भएको प्रज्ज्वलनशील सुख्खा पदार्थ व्यवस्थापन, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी, संचार आदि खर्च), डढेलो सूचना खरिद, प्राथमिक उपचार, नियन्त्रित डढेलो लगाउने, घाटगद्दी सरसफाई र व्यवस्थापन, दमकल परिचालन आदि कार्यक्रमहरुमा पनि खर्च गर्न सकिनेछ।

त्यस्तै वन्यजन्तुको अवैध शिकार नियन्त्रण संजाल सदस्यहरूको क्षमता विकास तालिम, संजालको बैठक, वन्यजन्तुको खोर निर्माण, प्राथमिक उपचार, गस्ती तथा सुराकी परिचालन, वन्यजन्तुको उद्धार लगायतका कामहरुमा खटिएका कर्मचारी, सुरक्षा निकाय तथा सरोकारवाला व्यक्तिहरूको लागि खाजा, खाना, पानी, इन्धन र संचार जस्ता कार्यहरूमा यस शिर्षकमा विनियोजित बजेट खर्च गरिनेछ। साथै कार्यक्रम सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि प्रति संजाल गठन तथा क्षमता विकासको लागि रु २,००,०००।— का दरले १० वटाको लागि जम्मा बजेट रु २०,००,०००।-(बिस लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

स्थानीय स्तरमा सामुदायिक वन्यजन्तु शिकार नियन्त्रण संजाल र अग्नि नियन्त्रण संजाल गठन भई क्षमता विकास भएको हुनेछ।

## ३.२.१२ भूपरिधि पुर्नस्थापनाको लागि सामग्री तथा साना उपकरण सहयोग (वन्यजन्तु शिकार र अग्नि नियन्त्रण):

वन जंगलमा गैर कानुनी तरिकाले गरिने वन्यजन्तुको शिकार र अनियन्त्रित वन डढेलोबाट वन जंगलको अवस्थामा ह्रास आई सोको पुनर्स्थापनाको लागि चाहिने बजारमा उपलब्ध रहेको आधुनिक सामग्री तथा साना उपकरणहरू स्थानीय स्तरमा गठित सामुदायिक वन्यजन्तु शिकार नियन्त्रण संजाल र अग्नि नियन्त्रण संजाललाई सहयोग गरिनेछ। आयोजना संचालित प्रत्येक जिल्लाहरुमा गठन भएको अग्नि नियन्त्रण सञ्जाल १ वटा र सामुदायिक वन्यजन्तु शिकार नियन्त्रण संजाल १ वटालाई सहयोग गर्नु पर्नेछ। यस अन्तर्गत अग्नि नियन्त्रणको लागि Fire swatter, Rake, Shovel, Helmet, Head Torch light, Backpack pump/Jet shooter, Gloves pair, leaf blower, Fire Fighting Suit, Fire Fighting shoes र वन्यजन्तु शिकार नियन्त्रणका

लागि भने Binocular, G.P.S., Torch light, Snake Hook, Snake Hook bag लगायतका अन्य आधुनिक उपकरणहरु खरिद गर्न सकिनेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि प्रत्येक आयोजना सहयोग इकाईलाई रु २,००,०००।- का दरले बजेट रु १०,००,०००।- (दश लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

वन्यजन्तु शिकार नियन्त्रण संजाल र अग्नि नियन्त्रण संजाललाई डिभिजन वन कार्यालयबाट भूपरिधि पुनर्स्थापनाको लागि सामग्री तथा साना उपकरण सहयोग प्राप्त भएको हुनेछ।

## ३.२.१३ उद्यमी र स्थानीय स्रोत व्यक्तिहरूको लागि प्रशिक्षक प्रशिक्षण तालिम (ToT):

यसमा उद्यमशीलता (Entrepreneurship) र स्थानीय स्रोत परिचालन सम्बन्धी सिप भएको व्यक्तिलाई स्वयं प्रशिक्षक बन्न सक्षम बनाउने काम यसमा तालिममा गरिन्छ। यो तालिम प्राप्त गरेपछि सहभागीहरुले आफ्नै समुदाय वा क्षेत्रमा उद्यमशीलता, व्यवसाय संचालन, सीप विकास, श्रोत व्यवस्थापन आदिको प्रशिक्षण दिन सक्छन्। यो तालिम आयोजना कार्यक्षेत्र अन्तर्गतको खास गरेर वन तथा कृषि पैदावारमा आधारित उद्यमी र स्थानीय स्रोत व्यक्तिहरूको लागि आयोजना सहयोग इकाईहरुबाट संचालन गरिनेछ। यो कार्यक्रम डि.व.का. ताप्लेजुङ्ग, इलाम र संखुवासभामा संचालन गरिनेछ। जसको लागि प्रति तालिम रु २,६५,०००/- छुट्याइएको छ। यो कार्यक्रम संचालन गर्नका लागि यस शिर्षकमा विनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु ७,९५,०००।-(सात लाख पन्चानब्बे हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट उद्यमी र स्थानीय स्रोत व्यक्तिहरूमा प्रशिक्षक प्रशिक्षण तालिम (ToT) सम्बन्धी ज्ञान, सिप, क्षमतामा अभिवृद्धि भएको हुनेछ।

## ३.२.१४ बजार/बजारीकरण र उत्पादन प्रविधिहरूमा महिला र सीमान्तकृत समूहहरूलाई तालिम दिने:

यस कार्यक्रममा मूलतः महिलाहरु र सीमान्तकृत समूहलाई आर्थिक सशक्तिकरण गर्न, उनीहरुको उत्पादनलाई बजारसम्म पुऱ्याउन र उत्पादन प्रक्रियामा आधुनिक प्रविधि प्रयोग गर्न सक्षम बनाउन यो तालिमको आयोजना गरिनेछ। महिला र सीमान्तकृत समूहलाई आय आर्जनका लागि सिप विकास गर्ने, स्थानीय उत्पादनलाई गुणस्तरीय बनाउन आवश्यक प्रविधि प्रयोगमा दक्षता बढाउने, उत्पादनलाई बजार सम्म पुऱ्याउने तरिका, मूल्य निर्धारण र ब्रान्डिङ्ग गर्न सिकाउने तथा उनीहरुलाई आत्मनिर्भर र उद्यमी बनाउन यस तालिमको उद्देश्य रहेको छ। यो कार्यक्रम डि.व.का. ताप्लेजुङ्ग, इलाम र संखुवासभामा संचालन गरिनेछ। जसको लागि प्रति तालिम रु २,६५,०००/- छुट्याइएको छ। यो कार्यक्रम संचालन गर्नका लागि यस शिर्षकमा विनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो तालिम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो तालिमको लागि जम्मा बजेट रु ७,९५,०००।-(सात लाख पन्चानब्बे हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस तालिमबाट बजार/बजारीकरण र उत्पादन प्रविधिहरूमा महिला र सीमान्तकृत समूहहरूलाई ज्ञान, सिप, क्षमतामा अभिवृद्धि भएको हुनेछ।

## ३.२.१५ सामुदायिक वन उपभोक्ता समूह र व्यक्तिगत उत्पादकहरूलाई व्यवसाय विकास प्रशिक्षण:

यसमा समुदायमा आधारित वन उत्पादन (काठ, गैर काष्ठ वन पैदावार आदि) र व्यक्तिगत स्तरमा हुने कृषि, पशुपालन, हस्तकला, साना उद्योगलाई व्यावसायिक ढाँचामा रुपान्तरण गर्ने क्षमता विकास गर्ने कार्य गरिन्छ। CFUG र व्यक्तिगत उत्पादकलाई व्यावसायिक सोच (Entrepreneurial mindset) विकास गर्ने, उत्पादन-प्रशोधन-वजार पहुँच सम्मको सम्पूर्ण श्रृङ्खला (Value chain) बुझ्ने, व्यवसाय योजना वनाउन सक्ने क्षमता र सहकार्य क्षमतामा वृद्धि गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ। यस कार्यक्रमको लक्षित सहभागीहरुमा सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, महिला, आदिवासी/जनजाति, गरिब, दलित, मधेशी, मुस्लिम, बिपन्न, पिछडिएका वर्ग, सीमान्तकृत समुदायका व्यक्तिगत उत्पादक र कृषि, वन, पशुपालन वा गैरकाष्ठ वन उत्पादनमा संलग्न हुनेछन्। यो कार्यक्रम डि.व.का. ताप्लेजुङ्ग, इलाम र संखुवासभामा संचालन गरिने छ। जसको लागि प्रति तालिम रु २,६५,०००/- छुट्याइएको छ। यो कार्यक्रम संचालन गर्नका लागि यस शिर्षकमा विनियोजित रकम विकास प्रशिक्षण सम्बन्धिका कार्यक्रमहरू संचालनार्थ खर्च गर्न सकिनेछ।

### जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि जम्मा बजेट रु ७,९५,०००।- (सात लाख पञ्चानब्बे हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

### अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट सामुदायिक वन उपभोक्ता समूह र व्यक्तिगत उत्पादकहरूलाई व्यवसाय विकास प्रशिक्षणमा ज्ञान, सिप, क्षमतामा अभिवृद्धि भएको हुनेछ ।

## ३.२.१६ वन उत्पादन/गैरकाष्ठ वन पैदावार (१० उद्यम विकास, ५ संजाल गठन सहयोग) मा आधारित सामुदायिक उद्यमहरू प्रवर्द्धन गर्ने:

यस आयोजनाको कार्यक्षेत्र अन्तर्गतको वन उत्पादन/गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यमहरू प्रवर्द्धन गर्न उद्यम विकास र संजाल गठन सहयोग कार्यक्रम संचालन गरिनेछ। यसमा समुदायमा आधारित वन व्यवस्थापनलाई आर्थिक मूल्य श्रृङ्खलामा जोडेर समुदायलाई आत्मनिर्भर बनाउने लक्षित अवधारणा हो। यसमा वन श्रोत उत्पादन, संकलन, प्रशोधन, मूल्य अभिवृद्धि र बजारीकरण गरेर सामुदायिक उद्यमको रुपमा संचालन गरिनेछ। यसको समुदायको आय वृद्धि, स्थानीय उद्यमशीलता, श्रोत संरक्षण तथा सामाजिक

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. दुन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

सशक्तिकरण गर्ने उद्देश्य रहेको छ। यस कार्यक्रममा उद्यम विकास (श्रोतको नक्साङ्कन, उत्पादन प्रविधि तालिम, गुणस्तर मापदण्ड सिकाउने, व्यवसाय योजना र वित्तीय पहुँच सुनिश्चित गर्ने), बजारीकरण (साझा ब्राण्ड विकास, स्थानीय/प्रदेश/राष्ट्रियस्तरका बजारसँग जडान, ई-कमर्श वा डिजिटल प्लेटफर्मको प्रयोग, प्रदर्शनी र मेलामा सहभागिता), संजाल र सहकार्य (संजाल गठन, सामूहिक संकलन र बिक्री, नीति वकालत र सरकारी निकायसँग सहकार्य) जस्ता कार्यहरु गरिनेछ। आयोजना संचालित जिल्लाहरुमा गैरकाष्ठ वन पैदावार संजाल गठन नभएको हकमा संजाल गठन गर्नु पर्नेछ। आवश्यकता पहिचानको आधारमा वन पैदावारमा आधारित उद्यम प्रवर्द्धन गर्न गैर काष्ठ वन पैदावार संजालको बैठक बसी सो बैठकको सिफारिस अनुसार उद्यम प्रवर्द्धन सम्बन्धी कार्यक्रम छनौट गरिनेछ। यस कार्यक्रममा गत वर्ष उद्यम प्रवर्द्धनको लागि सहयोग पाएको समूह/संस्थालाई संजालको सिफारिसको आधारमा उक्त उद्यम प्रवर्द्धनको निरन्तरताको लागि थप आर्थिक सहयोग गर्न सकिनेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिनेछ। यस कार्यक्रममा महिला, आदिवासी/जनजाति, गरिब, दलित, विपन्न, पिछडिएका वर्ग, मधेशी, मुस्लिम र सीमान्तकृत समुदायका मानिसहरुलाई प्राथमिकता दिइनेछ।

### जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकतानुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि जम्मा बजेट रु ७८,००,०००।- (अठहत्तर लाख रुपैयाँ मात्र) व्यवस्था गरिएको छ।

### अपेक्षित उपलब्धि

वन उत्पादन/गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यमहरू प्रवर्द्धन गर्न उद्यम विकास र संजाल गठन भई जीविकोपार्जनमा सुधार आउनेछ।

## ३.२.१७ रूख/जडीबुटी तथा गैरकाष्ठ वन पैदावार नर्सरीहरूको लागि सामग्री सहयोग:

डिभिजन वन र मातहतका कार्यालयहरु तथा सामुदायिक वन उपभोक्ता समूहहरूबाट विगतका आ. व. देखि नै संचालनमा रहेको रूख/जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको विरूवा उत्पादन हुने नर्सरीमा हुने नियमित मर्मत/स्तरोन्नति तथा नयाँ नर्सरी निर्माणको लागि यो क्रियाकलापको विनियोजित बजेट खर्च गरिनेछ। खर्च अनुमान गर्दा स्वीकृत नर्म्स तथा जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ। नर्सरीमा बेड तयारी, सिँचाइको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारवार वा पर्खाल, ओभरहेड वाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्पीरिङ्कल सिचाईको व्यवस्था, बिजुली बत्ती, प्रजातिको नाम प्लेट बोर्ड आदि कार्यहरू गर्न सकिनेछ। नर्सरी निर्माण तथा

मर्मत/स्तरोन्नति गर्दा गरिएका क्रियाकलापहरु स्पष्ट रुपमा देखिने गरी होर्डिङ्ग बोर्ड राख्ने व्यवस्था मिलाएको हुनु पर्दछ ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछः

- नर्सरी निर्माण, मर्मत/स्तरोन्नति गरिएको स्थान, फोटो तथा नक्साहरु विषयगत समेत।
- नर्सरी निर्माण, मर्मत/स्तरोन्नति गर्दा लागेको खर्च।

### जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालय/सब-डिभिजन वन कार्यालयहरू र सामुदायिक वन उपभोक्ता समूहबाट यो कार्यक्रम संचालन गरिनेछ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु १६,८५,०००।- (सोह्र लाख पचासी हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

### अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट रूख/जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको विरूवा उत्पादन हुने नर्सरीमा हुने नियमित मर्मत/स्तरोन्नति तथा नयाँ नर्सरी निर्माण भएको हुनेछ।

## ३.२.१८ <u>बिरुवाको उत्पादन/खरिदः</u>

खाली वनक्षेत्र, सार्वजनिक/ऐलानी/पर्ती र निजी जग्गामा बिरुवा रोपी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्नको लागि बिरुवा उत्पादन गरी वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। बिरुवाको माग, बजेटको उपलब्धताको आधारमा प्रचलित नर्मस् अनुसार लागत अनुमान तथा विरुवाको उत्पादन योजना बनाई संचालन गर्नु पर्नेछ। कुन प्रजातिका बिरुवा उत्पादन गर्ने हो कार्यदिशमै स्पष्ट खुलाउनु पर्नेछ। बिरुवा उत्पादन गर्दा माग भएका, गुणस्तरयुक्त र स्थानीयस्तरमा सफल भएका रुख-बिरुवाका बीउलाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ। उत्पादन भएका बिरुवा खाली/क्षतिग्रस्त वनक्षेत्र, राष्ट्रिय/सामुदायिक/कबुलियती/धार्मिक वन, सार्वजनिक/ऐलानी/पर्ती, निजी जग्गा र विभिन्न महोत्सवहरुमा वृक्षारोपणका लागि वितरण गरिनेछ।

साथै गुणस्तरीय बिरुवा उत्पादन गर्न मलिलो वनको माटो लगायत उपयुक्त सामग्री तथा प्रविधि प्रयोग गर्नुपर्दछ । बिरुवा उत्पादन गर्दा Nursery bed मा अनिवार्य रुपमा प्रजाति अनुसार Tagging, Seed sown date/polybag seedling transplant date अनिवार्य रुपमा राखेको हुनुपर्दछ। त्यसै गरी नर्सरीमा उत्पादन हुने बिरुवाहरुको जैविक भौतिक तथ्याङ्कहरु जस्तै seed source, presowing treatment, germination percent, average height of seedlings, तथा नर्सरीमा भएका

कोशी प्रदेश सरकार
उद्योग, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

बिरुवाहरुमा गरिएको अन्य सम्पूर्ण गतिविधिहरुको तथ्याङ्कहरुको अभिलेख राख्नु पर्नेछ। एक वर्षिय बिरुवा उत्पादनको हकमा न्यूनतम ७"x३" को पोलिब्याग प्रयोग गर्नु पर्दछ। साथै उत्पादित बिरुवाहरु वितरण गर्दा प्राकृतिक प्रकोपमा परेका क्षेत्र तथा प्राकृतिक प्रकोप क्षेत्रमा बसोबास गर्ने स्थानीय मानिसहरुलाई पहिलो प्राथमिकतामा राखी वितरण गर्नु पर्नेछ। साथै अनिवार्य रुपमा विरुवा वितरण गरेको रेकर्ड राख्न रजिष्टरको व्यवस्था गर्नुपर्नेछ।

यस शिर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान स्वीकृत गराई वन प्राविधिकबाट अमानतमा गर्न गराउन सकिने तथा निजी नर्सरीहरुबाट समेत बिरुवा खरिद गर्न सकिनेछ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा उत्पादित बिवाहरुको जात, संख्या, वितरणको लगत, रोपण गरिने ठाउँको विवरण, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र बिल भर्पाई पेश गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

बिरुवा उत्पादन (विभिन्न प्रकारका रुख, गैरकाष्ठ तथा बहुउपयोगी प्रजाति) कार्यक्रम संचालनको लागि सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक कर्मचारी मार्फत कार्यान्वयन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न कुल रकम रु ३०,००,०००।- (तिस लाख रुपैया मात्र) विनियोजन गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट स्वस्थ, गुणस्तर बिरुवाको उत्पादन वा खरिद भई खाली ठाउँमा वृक्षारोपण भएको हुनेछ।

## ३.२.१९ भूमि व्यवस्थापन र जैविक विविधता संरक्षणका लागि सामग्री, औजार, साना उपकरण सहयोगः

यसमा सामुदायिक स्तरमा भूमि व्यवस्थापन सुधार गर्ने, जैविक विविधता संरक्षणलाई व्यवहारिक बनाउने, सोको लागि समुदायलाई आवश्यक सामग्री, औजार र साना उपकरण उपलब्ध गराएर दिगो व्यवस्थापनमा सहयोग पुऱ्याउने यस कार्यक्रमको उद्देश्य रहेको छ। यस अन्तर्गत भूमि व्यवस्थापन र जैविक विविधतालाई संरक्षणको लागि कोदालो, बेल्चा, गैती, Soil Testing kit, Drip irrigation pipe, Sprinkle, Earth auger machine, Ph meter, Push row Planter, Sprayer Tank, L. Weeder, Power sprayer, Rotary tiller, Mini tiller लगायत अन्य आवश्यक पर्ने बजारमा उपलब्ध आधुनिक सामग्री, औजार, साना उपकरण खरिद गरी सहयोग गरिनेछ। यसमा गठन भएको विभिन्न समूह वा गठन नभएमा समूह गठन गरी जस्तैः सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, कृषक समूह आदिलाई यो सामाग्री उपलब्ध गराइने

छ। कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्मसको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ। यस कार्यक्रममा महिला, आदिवासी/जनजाति, गरिब, दलित, विपन्न, मधेशी, मुस्लिम, पिछडिएका वर्ग, सीमान्तकृत समूहहरुलाई प्राथमिकता दिइनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकतानुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु १६,८५,०००।- (सोह्र लाख पचासी हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट भूमि व्यवस्थापन र जैविक विविधता संरक्षणका लागि सामग्री, औजार, साना उपकरण सहयोग भएको हुनेछ।

## ३.२.२० पुनर्स्थापना क्रियाकलापहरुको योजना र कार्यान्वयनमा DFOs,CFUGs, LFUGs र CBOs लाई सहयोग गर्ने:

बढदो वन विनास, खुला चरिचरण, डढेलो, बाढी पहिरो, भूक्षय लगायतका कारणले वन क्षेत्र दिन प्रतिदिन क्षति ग्रस्त हुँदै गएका छन्। वनसँग जोडिएको वा नजोडिएको सार्वजनिक जग्गा अव्यवस्थित उपयोगले समेत क्षतिग्रस्त हुन पुगेको छ। यस्ता क्षतिग्रस्त वन तथा सार्वजनिक जग्गाहरूको पुनर्उत्थान गरी हरियाली अभिवृद्धि तथा जैविकविविधता संरक्षण गर्नुका साथै उत्पादन तथा उत्पादकत्व बढाइ पुनरूत्थान गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। यस कार्यक्रम अन्तर्गत खाली भएको वन क्षेत्र, अतिक्रमित वन क्षेत्र, क्षतिग्रस्त वन क्षेत्र, सार्वजनिक/ऐलानी/पर्ति जग्गा एवं नदी उकास जग्गामा वृक्षारोपण गर्न सकिनेछ। पुनर्स्थापना क्षेत्र छनोट गर्दा खाली भएको वन क्षेत्र, अतिक्रमित वन क्षेत्र, क्षतिग्रस्त वन क्षेत्रलाई पहिलो प्राथमिकता दिईनेछ। DFOs, CFUGs, LFUGs र CBOs संग स्वीकृत पुनर्स्थापना क्रियाकलापहरुको योजनालाई कार्यान्वयनमा ल्याउन आयोजना सहयोग इकाईहरुबाट आवश्यक समन्वय तथा सहकार्य गरिनेछ । वन क्षेत्र बाहेकको हकमा वृक्षारोपण गर्नु अघि जग्गाको स्वामित्व भएको निकाय र संघ संस्था वा समूहबीच संझौता गर्नु पर्नेछ। वृक्षारोपण सफल बनाउन सम्भव भएसम्म तार/पर्खाल/बासको घेराबेरा, गोडमेल, सिँचाइ, हेरालु आदिको व्यवस्थापन गर्न सकिनेछ। बस्तीदेखि टाढा रहेका हैसियत बिग्रेको राष्ट्रिय वन क्षेत्रमा वृक्षारोपण एवं यसको व्यवस्थापन सेवा प्रदायक संस्था मार्फत समेत गर्न सकिनेछ। यस शिर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

अनुमान स्वीकृत गराई प्रति हेक्टर रू १,५०,०००।- मा नबढने गरी अमानतबाट समेत गर्न गराउन सकिनेछ।

**वृक्षारोपण क्षेत्रको कार्ययोजना**

हरेक वृक्षारोपण क्षेत्रको सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी कार्ययोजना बनाईनेछ। जसमा वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नु पर्दछ। कार्ययोजनामा कुन जातका के कति बिरुवा कति दूरीमा लगाउने, वन व्यवस्थापन तथा संरक्षणको व्यवस्था के कसरी गर्नुपर्नेछ, वन पैदावारको बिक्री वितरणको व्यवस्था के कसरी हुने, लाभको बाँडफाँड कसरी गर्ने आदि सबै कुरा स्पष्टरुपमा उल्लेख हुनु पर्दछ। यो कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नुपर्नेछ।

**वृक्षारोपण क्षेत्रको संरक्षण**

वृक्षारोपण संरक्षणको लागि बारबेरा गर्दा सकेसम्म स्थानीयरुपमा उपलव्ध जैविक सामग्रीहरु जस्तैः सजिवन, निलकाँडा, बाँस आदिको प्रयोग गर्नुपर्दछ र आवश्यकता अनुसार वन हेरालुको समेत व्यवस्था मिलाउनु पर्दछ। जैविक सामग्रीहरुबाट बारबेरा गर्न नसकिने भएमा तारवार समेत लाउन सकिनेछ। वृक्षारोपण क्षेत्रमा वृक्षारोपण कार्यक्रम सम्पन्न भएपछि वृक्षारोपण सम्बन्धी तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड तयार गरी राख्नुपर्नेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- वृक्षारोपण गरिएको क्षेत्रको नाम, ठेगाना र क्षेत्रफल,
- वृक्षारोपण गरिएका प्रजातिहरु र प्रजातिहरु अनुसारको बिरुवा संख्या,
- वृक्षारोपण भएको स्थानको फोटो तथा नक्साहरु (वृक्षारोपण हुनु अघि तथा पछिको फोटो समेत),
- स्वीकृत वृक्षारोपण कार्ययोजना।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकतानुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु १,२६,००,०००।- (एक करोड छब्बीस लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यो कार्यक्रम अन्तर्गत ८४ हेक्टर वृक्षारोपण तथा पुनर्स्थापनाको क्रियाकलापहरु भएको हुनेछ।

कोशी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## ३.२.२१ कृषि कार्यका लागि औजार तथा साना उपकरण सहयोगः

यसमा कृषिलाई आधुनिक र प्रविधिमैत्री बनाई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर बनाउन किसानलाई उत्पादनमा सहज र समय बचत गर्ने उपकरण उपलब्ध गराउने र श्रम लागत घटाएर दिगो र आधुनिक कृषि प्रणाली प्रवर्द्धन गर्ने उद्देश्य रहेको छ। आयोजना सहयोग इकाईहरुबाट जिल्लास्थित कृषि कार्यालयको समन्वयमा कृषि कार्यमा संग्लन रहेका सामुदायिक/कबुलियती वन उपभोक्ता समूह अन्तर्गत रहेका कृषक समूह वा अन्य कृषक समूहलाई कृषिमा प्रविधि मैत्री बनाउन बजारमा उपलब्ध आवश्यक आधुनिक कृषि औजार तथा साना उपकरणहरु जस्तैः कोदालो, बेल्चा, गैती, Drip irrigation pipe, Sprinkle, Earth auger machine, Ph meter, Push row Planter, Sprayer Tank, L. Weeder, Power sprayer, Rotary tiller, Mini power tiller, Seed drill, Brush cutter, Mini thresher, Fruit picker, जैविक मल बनाउने ड्रम लगायत अन्य आधुनिक उपकरणहरु खरिद गरी उपलब्ध गराइनेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ। यस कार्यक्रममा महिला, आदिवासी/जनजाति, गरिब, दलित, विपन्न, मधेशी, मुस्लिम, पिछडिएका वर्ग, सीमान्तकृत समुदायका मानिसहरुलाई प्राथमिकता दिइनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु २३,५०,०००।- (तेइस लाख पचास हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट कृषि प्रविधि मैत्री औजार तथा साना उपकरण खरिद भई सम्बन्धित समूहमा वितरण भई कृषि उत्पादनमा वृद्धि हुनेछ।

## ३.२.२२ मूल्य श्रृंखला र बजार विकासको लागि संजाल गठन र सामग्री तथा साना उपकरणहरू वितरणः

यसमा कृषि वा वनमा आधारित उत्पादनलाई उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, ढुवानी र बजारीकरण सम्मको प्रक्रियामा प्रयोग हुने सामग्री र साना उपकरण खरिद गरी उपलब्ध गराउनु पर्नेछ। यसको उद्देश्य स्थानीय उत्पादनलाई मूल्य अभिवृद्धि गर्ने, गुणस्तरीय प्याकेजिङ्ग, प्रशोधन र भण्डारण प्रणालीमा विकास गर्ने र उत्पादनलाई ठूलो बजारसँग जोड्ने रहेको छन्। यसका लागि संकलन र प्रशोधन, प्याकेजिङ्ग र लेवलिङ्ग, भण्डारण र ढुवानी तथा बजार विकास र प्रवर्द्धन गर्नका लागि बजारमा उपलब्ध आवश्यक आधुनिक

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

उपकरण/मसिन/औजार जस्तैः Grinder machine, Drying tray, Dryer machine, grading machine, Plastic sealer, vacuum sealer, Digital weighing scale, Packaging materials, label printer, Distillation machine, compressor machine, juice making machine लगायतका अन्य उपकरणहरु खरिद गरी उपलब्ध गराइने छ। यस कार्यका लागि आवश्यकता पहिचानको आधारमा वन पैदावारमा आधारित उद्यम विकास गर्न जिल्लास्थित रहेको जडीबुटी संजालको बैठक बसी सो बैठकको सिफारिस अनुसार समूह र उपलब्ध गराइने उपकरण/मसिन/औजारको छनौट गरी उपलब्ध गराइने छ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिनेछ। यस कार्यक्रममा महिला, आदिवासी/जनजाति, गरिब, दलित, विपन्न, मधेशी, मुस्लिम, पिछडिएका वर्ग, सीमान्तकृत समुदायका मानिसहरुलाई प्राथमिकता दिइनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु ६३,००,०००।- (त्रिसठ्ठी लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट मूल्य श्रृंखला र बजार विकासको लागि आवश्यक सामग्री तथा साना उपकरणहरू खरिद भई सम्बन्धित समूहमा वितरण भएको हुनेछ ।

## ३.२.२३ दिगो भूमि व्यवस्थापनका उपायहरू लागू गर्न CFUG सदस्यहरू र किसानहरूलाई सहयोग गर्नेः

भूमिको दीर्घकालीन उर्वराशक्ति कायम राख्ने, माटो कटान, बाढी, डढेलो, सुख्खा जस्ता जोखिम घटाउने र सामुदायिक/कबुलियती र निजी जमिनमा उत्पादकत्व र जैविक विविधता संरक्षण र प्रवर्द्धन हुने उद्देश्य यस कार्यक्रमको रहेको छ। यसमा गर्ने क्रियाकलापहरुमा दिगो भूमि व्यवस्थापन/कृषि वन पशुपालन प्रणाली/जल माटो संरक्षण प्रविधि (Terracing, Contour Farming, Check dam, Gabion wall) बारे जस्ता तालिम दिनेछ। दिगो भूमि व्यवस्थापनको लागि आवश्यक पर्ने औजार, उपकरणहरु, माटो जाँच किट, जैविक मल वा कम्पोष्ट मल बनाउने ड्रम, कोदालो, बेल्चा, गैती, हसिया, Drip irrigation pipe, Sprinkle जस्ता बजारमा उपलब्ध अन्य आधुनिक सामग्री/उपकरण खरिद गरी CFUG सदस्यहरू र किसानहरूलाई उपलब्ध गराइनेछ।यो कार्यक्रम संचालनको क्रममा आवश्यक परेमा भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा जिल्ला स्थित कृषि कार्यालयसँग आवश्यक सहयोग लिन सक्नेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिनेछ। यस

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कार्यक्रममा महिला, आदिवासी/जनजाति, गरिब, दलित, विपन्न, मधेशी, मुस्लिम, पिछडिएका वर्ग, सीमान्तकृत समुदायका मानिसहरुलाई प्राथमिकता दिइनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु १,००,००,०००।- (एक करोड रुपैया मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट भूमिको दिगो व्यवस्थापन भएको हुनेछ।

## ३.२.२४ ३४ वटा स्थानीय तहको सूचना प्रविधि क्षमता र पूर्वाधारलाई सुदृढ गर्नेः

यस कार्यक्रमले स्थानीय सरकारलाई पारदर्शी, छरितो, प्रभावकारी र प्रविधिमैत्री बनाउन सहयोग पुऱ्याउँछ। यसको उद्देश्य विद्युतीय शासन लागु गर्न क्षमता बढाउने, जनतालाई सरल, सहज, छिटो, छरितो र पारदर्शी सेवा उपलब्ध गराउने तथा सूचना प्रविधिको प्रयोग मार्फत सुशासन र जवाफदेहिता प्रवर्द्धन गर्ने रहेको छ। यसमा IT, MIS, GIS, FMIS र अन्य सूचना प्रविधिमा आधारित तालिम तथा computer, laptop, scanner, projector, printer, internet, digital database, software र अन्य सूचना प्रविधिसँग सम्वन्धित सामग्री उपलब्ध गराइनेछ। यस कार्यक्रम अन्तर्गत गत वर्ष वितरण भएको स्थानीय तह बाहेक बाँकी रहेका प्रत्येक जिल्लाको स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु ५०,००,०००।- (पचास लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट आयोजना लागु भएको स्थानीय तहको सूचना प्रविधि क्षमता र पूर्वाधारलाई सुदृढ भएको हुनेछ।

## ३.२.२५ दिगो वन व्यवस्थापनका लागि औजार तथा साना उपकरण सहयोग:

यस कार्यक्रमले वन संरक्षण, दिगो व्यवस्थापन र उपयोगलाई प्रवर्द्धन गरी समुदायलाई व्यवहारमा नै वन व्यवस्थापन गर्न सहज बनाई वन पैदावारलाई सुरक्षित, दिगो र व्यावसायिक बनाउन सहयोग गर्दछ। सरकारद्वारा व्यवस्थित वन, समुदायद्वारा व्यवस्थापन गरिएका वन लगायत अन्य सबै प्रकारका वनलाई दिगो व्यवस्थापनका लागि आवश्यक बजारमा उपलब्ध आधुनिक औजार तथा साना उपकरण उपलब्ध गराइनेछ। दिगो वन व्यवस्थापनका लागि आवश्यक पर्ने उपकरणहरु जस्तैः GPS, Vertex, Increment Borer, Diameter tape, Measuring tape, Range finder जस्ता अन्य आवश्यक उपकरणहरु खरिद गरी सब डिभिजन वन कार्यालय, सामुदायिक/कबुलियती वन समूहलाई उपलब्ध गराइनेछ। यस कार्यक्रम अन्तर्गत उपकरण खरिद गर्दा स्वीकृत नर्म्स/स्वीकृत दररेट तथा प्रचलित ऐन नियमको परिधिभित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गर्नु पर्नेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु ८,५०,०००।- (आठ लाख पचास हजार रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रम सम्पन्न भए पश्चात वन व्यवस्थापन सामाग्री खरिद भई दिगो वन व्यवस्थापनमा सहयोग भएको हुनेछ।

## ३.२.२६ CFUG, LFUG को स्थानीय श्रोत व्यक्तिहरु मार्फत कार्य योजना संशोधन:

CFUG तथा LFUG हरूको कार्ययोजनाको अवधि समाप्त भएका र कार्ययोजना पुनरावलोकन/संशोधनको लागि समूहबाट सा. व. को कार्ययोजना नवीकरणको लागि माग भई आएका सामुदायिक वन उपभोक्ता समूहको वन कार्ययोजना नवीकरण गर्न वन ऐन २०७६ तथा सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ (तेश्रो संशोधन) ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरा गरेर कार्ययोजना नवीकरण गर्ने कार्यमा वन व्यवस्थपानसँग आवद्ध स्थानीय श्रोत व्यक्तिहरु मार्फत सम्पन्न गर्नुपर्नेछ। कार्ययोजना नवीकरण कार्यको सहजीकरण तथा सिफारिस गर्ने काम कम्तीमा रेन्जर वा (सहायकस्तर पाँचौं) वन सेवाको प्राविधिकबाट हुनुपर्नेछ। यसका लागि सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन २०६१ अनुसार GPS बाट

सीमा सर्वेक्षण, Permanent sample plot मा वन स्रोत सर्वेक्षण तथा Permanent sample plot नभएका सामुदायिक वनहरूमा सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ मा उल्लिखित विधि बमोजिम Permanent sample plot layout गरी सामुदायिक वनको वन स्रोत सर्वेक्षण गर्नु पर्दछ। साथै सो कार्ययोजनामा वनको नक्सा सहित अन्य Thematic नक्साहरु समेत समावेश गर्नुपर्नेछ। कार्ययोजना निर्माणको लागि वन स्रोत सर्वेक्षण, नक्सा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, इन्धन, संचार र कार्ययोजना तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ। समुदायमा आधारित प्रत्येक वन कार्ययोजना नवीकरणका लागि रु. २५,०००।- विनियोजन गरिएको छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु २०,००,०००।- (बीस लाख रुपैया मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

८० वटा सामुदायिक वन उपभोक्ता समूहहरुको सामुदायिक वन कार्ययोजना नवीकरण भएको हुनेछ।

## ३.२.२७ गरिबहरुको लागि जीविकोपार्जन सुधार योजना (LIP) को तयारी र कार्यान्वयनमा CFUG लाई सहयोग गर्ने:

सामुदायिक वन उपभोक्ता समूहभित्र गरिबी रेखामुनि रहेका सदस्यहरुको पहिचान गरी त्यस्ता सदस्यहरुको आवश्यकता र चाहनाको आधारमा समूह निर्माण गरिने साथै उक्त समूहलाई जीविकोपार्जनमा सुधार ल्याउने प्रयोजनार्थ जीविकोपार्जन सुधार योजना (LIP) तयार गरी सोको कार्यान्वयन सम्मका कार्यहरुमा सहयोग गर्ने कार्य आयोजना सहयोग इकाईबाट गरिनेछ। यो कार्यक्रम कबुलियती वन उपभोक्ता समूहमा पनि सञ्चालन गर्न सकिनेछ। जीविकोपार्जनमा सुधार ल्याउने क्रियाकलापहरु जस्तै कृषि-वन प्रणाली, जडीबुटी तथा गैरकाष्ठ खेती, पशुपालन, मौरी पालन, तरकारी तथा फलफूल खेती आदि कार्यक्रमहरु संचालन गरिनेछ। जीविकोपार्जन सुधार योजना (LIP) मा स्वयं समूहको कम्तिमा २०% योगदान जस्तैः सामान ढुवानी, खोर/गोठ निर्माण आदिमा रहनेछ। प्रत्येक जीविकोपार्जन सुधार योजना (LIP) तयारका लागि रु. १५,०००।- र बाँकी रकम उक्त योजना कार्यान्वयनमा खर्च गरिनेछ। यस कार्यक्रममा विनियोजित वजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ।

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु १,३५,००,०००।- (एक करोड पैतिस लाख रुपैयाँ मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

६० वटा सामुदायिक वन उपभोक्ता समूहहरुको गरिबहरुको लागि जीविकोपार्जन सुधार योजना (LIP) तयार भएको हुनेछ।

## ३.२.२८ समुदायमा आधारित रेड पाण्डाको बासस्थान व्यवस्थापन पुनर्स्थापना तथा प्रजनन् अभिवृद्धिः

प्राकृतिक अवस्थामा हाब्रेको घट्दो जनसंख्यालाई मध्यनजर गरी प्रजनन् केन्द्रको स्थापना गरी केन्द्रमा प्रजनन् गराई उत्पादन हुने हाब्रेहरुलाई प्राकृतिक वातावरणमा स्थानान्तरण गर्दा यसको जनसंख्या वृद्धि हुने लक्ष्य अनुरुप आयोजना लागु भएको डिभिजन वन कार्यालयहरु ताप्लेजुङ्ग, पाँचथर, इलाम र संखुवासभाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिएको छ। रेडपाण्डाको संरक्षणमा स्थानीय समुदायलाई सक्रिय सहभागी गराई उनीहरूको बासस्थानको दीर्घकालीन संरक्षण, पुनर्स्थापना, तथा प्रजनन् क्षमताको अभिवृद्धि हुने क्रियाकलापहरु गरिनेछ । जिल्लाको वनक्षेत्रमा विगतका वर्षहरु देखि शुरुवात गरेको रेडपाण्डा उद्धार केन्द्र व्यवस्थापन कार्यक्रममा यो कार्यक्रमले थप टेवा पुऱ्याउनेछ। उद्धार केन्द्र स्थापना कार्यान्वयन भएको वनक्षेत्रको उपयुक्तताको आधारमा सोही स्थानमा वा अन्य उपयुक्त स्थानमा रेडपाण्डा संरक्षण सम्वन्धी कार्य गर्ने सरोकारवाला निकायहरु (रेड पाण्डा नेट्वर्क, वन समूह), विद्यालयस्तरीय इकोक्लवहरु तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा यो कार्यक्रम कार्यान्वयन हुनेछ। यस कार्यक्रम अन्तर्गत क्रियाकलाप योजना तयार गरी रेडपाण्डाका लागि बासस्थान व्यवस्थापन, उपयुक्त प्रजातिको वृक्षारोपण, पोखरी निर्माण, उपयुक्त उपकरण तथा रेस्क्यु सामग्री खरिद, आवश्यक समन्वय बैठक, सूचना केन्द्र व्यवस्थापन, विज्ञहरुको सेवा खरिद, अनुगमन तथा मूल्याङ्कन आदि शिर्षकहरुमा बजेट खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु ५०,४०,०००।- (रू पचास लाख चालिस रुपैया मात्र) बजेट विनियोजन गरिएको छ ।

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

अपेक्षित उपलब्धि

रेडपाण्डाको बासस्थान व्यवस्थापन भई तिनको प्रजनन् अभिवृद्धिमा सहयोग हुनेछ।

## ३.२.२९ पुणर्रोपणः

आ. व. २०८१/८२ मा सार्वजनिक तथा वन क्षेत्रमा गरिएको वृक्षारोपणको अनुगमन गरी सोको प्रतिवेदनको आधारमा औचित्य हेरी वृक्षारोपण गरिएको क्षेत्रमा पुनःरोपण साथ साथै आवश्यकता अनुसार गोडमेल, घेराबेरा मर्मत र संरक्षण/हेरालुको पारिश्रमिक जस्ता शिर्षकमा खर्च गरिनेछ। यस कार्यमा जनसहभागितालाई प्राथमिकता दिनु उपयुक्त हुनेछ। वन कर्मचारीले वृक्षारोपणको अनुगमनको क्रममा स्थलगत भ्रमण गरी तपसिलको विवरण समेटी प्रतिवेदनमा खुलाई पेश गर्नुपर्नेछ र प्रतिवेदनको आधारमा यो क्रियाकलाप संचालन गरिनेछ। स्वीकृत नर्म्सको अधीनमा रही लागत ईस्टिमेट स्वीकृत गराई विनियोजित रकम खर्च गरिनेछ ।

- रोपिएका बिरुवाको प्रजाति र संख्या,
- बाँचेका प्रजाति, संख्या र अवस्था (वृक्षारोपण क्षेत्रको स्पष्ट झलक देखिने फोटोसमेत),
- गोडमेल र संरक्षणको अवस्था,
- पुनःरोपण, गोडमेल र बारबेरा मर्मत आवश्यक भएको/नभएको,
- पुनःरोपण, गोडमेल र बारबेरा मर्मतको विवरण,
- अन्य विवरण।

### जनशक्ति व्यवस्थापन

यस कार्यक्रम डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालय मार्फत स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरूसँगको समन्वय तथा सहयोगमा संचालन गर्न सकिनेछ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमका लागि प्रति हेक्टर रु २५,०००।— को दरले जम्मा रु १७,५०,०००।- (सत्र लाख पचास हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट करिब ७० हेक्टर वृक्षारोपण क्षेत्रमा पुनःरोपण भई सो क्षेत्रको उचित संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन भएको हुनेछ।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

# अनुसूची-१ तालिम/गोष्ठी/बैठक/संजाल गठन सम्बन्धी कार्य सम्पन्न प्रतिवेदनको नमूना

१. कार्यक्रमको नाम:

२. क्रियाकलापको नाम:

३. कार्यक्रम संचालन भएको स्थान र ठेगाना:

४. कार्यक्रम संचालन भएको मिति: ............................. देखि............................................ सम्म

५. परिमाण:

६. कार्यक्रम संयोजकको नाम र पद:

७. लक्षित वर्ग:

८. कार्यक्रम अनुसारको कुल बजेट रु:

९. ईष्टिमेट अनुसारको बजेट रु:

१०. जम्मा खुद खर्च रकम रु:

११. तालिम/गोष्ठी/बैठक/संजाल गठनमा उपस्थित भएको सहभागीको विवरण

| क्षेत्री/ब्राहमण | | आदिवासी/जनजाति | | दलित | | मधेशी | | मुस्लिम | | अन्य | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | |
| | | | | | | | | | | | | | | |

१२. कार्यक्रमको सबल पक्ष:

१३. कार्यक्रमको दुर्बल पक्ष:

१४. कार्यक्रम संचालन हुँदा देखा परेका समस्याहरु:

१५. अन्य विवरण:

१६. कार्यक्रमको फोटो:

**<u>प्रतिवेदन पेश गर्नेको</u>**

नाम:

पद:

कार्यरत कार्यालय र ठेगाना:

दस्तखत:

मिति:

Saniya

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## अनुसूची-२ सामाग्री खरिद तथा वितरण सम्बन्धी कार्य सम्पन्न प्रतिवेदनको नमूना

१. कार्यक्रमको नाम:

२. क्रियाकलापको नाम:

३. कार्यक्रम संचालन भएको स्थान र ठेगाना:

४. सामान वितरण भएको मिति:

५. कार्यक्रम अनुसारको कुल बजेट रु:

६. ईष्टिमेट अनुसारको बजेट रु:

७. जम्मा खुद खर्च रकम रु:

८. सामाग्री खरिद तथा वितरणको विवरण

| क्र. स. | सब-डिभिजन वन कार्यालय | प्राप्त गरेको संघ/संस्था/ स्थानीय तह/कार्यालय / समूहको नाम | ठेगाना | सामाग्रीको नाम | परिमाण | लाभान्वित घरधुरी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | क्षेत्री/ ब्राहमण | आदिवासी/ जनजाति | दलित | मधेशी | मुस्लिम | अन्य |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |

९. कार्यक्रमको सबल पक्ष:

१०. कार्यक्रमको दुर्बल पक्ष:

११. कार्यक्रम संचालन हुँदा देखा परेका समस्याहरु:

१२.अन्य विवरण:

१३.कार्यक्रमको फोटो:

**<u>प्रतिवेदन पेश गर्नेको</u>**

नाम:

पद:

कार्यरत कार्यालय र ठेगाना:

दस्तखत:

मिति:

Sanjaya

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

# अनुसूची-३ वृक्षारोपण सम्बन्धी कार्य सम्पन्न प्रतिवेदनको नमूना

१. कार्यक्रमको नाम:

२. क्रियाकलापको नाम:

३. कार्यक्रम संचालन भएको स्थान र ठेगाना:

४. कार्यक्रम संचालन भएको मितिः ..............................देखि.............................................सम्म

५. वृक्षारोपण भएको क्षेत्रफलः.....................हेक्टर

६. कार्यक्रम संचालन गर्ने जिम्मेवार कर्मचारीको नाम र पद:

७. कार्यक्रम अनुसारको कुल बजेट रु:

८. ईष्टिमेट अनुसारको बजेट रु:

९. जम्मा खुद खर्च रकम रु:

१०. वृक्षारोपणको विवरण

| क.स. | विरुवाको प्रजाति | विरुवाको संख्या | लाभान्वित घरधुरी | लाभाम्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

११. कार्यक्रमको सबल पक्षः

१२. कार्यक्रमको दुर्वल पक्षः

१३. कार्यक्रम संचालन हुँदा देखा परेका समस्याहरु:

१४. अन्य विवरण:

१५. कार्यक्रमको फोटोः

**<u>प्रतिवेदन पेश गर्नेको</u>**

नाम:

पदः

कार्यरत कार्यालय र ठेगानाः

दस्तखतः

मितिः

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. हुन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

# अनुसूची-४ जीविकोपार्जन सुधार योजना सम्बन्धी कार्य सम्पन्न प्रतिवेदनको नमूना

१.कार्यक्रमको नाम:

२.क्रियाकलापको नाम:

३.जीविकोपार्जन सुधार योजना तयार सम्पन्न भएको समूहको नाम र ठेगाना:

४.कार्यक्रम संचालन भएको मितिः ..............................देखि..............................................सम्म

५.परिमाण:

६.कार्यक्रम संचालन गर्ने जिम्मेवार कर्मचारीको नाम र पद:

७.कार्यक्रम अनुसारको कुल बजेट रु:

८.ईष्टिमेट अनुसारको बजेट रु:

९.जम्मा खुद खर्च रकम रु:

१०. जीविकोपार्जन सुधार योजना सम्बन्धी भएको कार्यहरुको विवरण

| क.स. | जीविकोपार्जन सुधार योजना अनुसार भएको क्रियाकलापको नाम | परिमाण | लाभान्वित घरधुरी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | क्षेत्री/ ब्राहमण | आदिवासी/ जनजाति | दलित | मधेशी | मुस्लिम | अन्य |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

११. कार्यक्रमको सबल पक्ष:

१२. कार्यक्रमको दुर्बल पक्ष:

१३.कार्यक्रम संचालन हुँदा देखा परेका समस्याहरु:

१४.अन्य विवरण:

१५.कार्यक्रमको फोटो:

**प्रतिवेदन पेश गर्नेको**

नाम:

पद:

कार्यरत कार्यालय र ठेगाना:

दस्तखत:

मिति:

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

# अनुसूची-५ सामुदायिक वन/कबुलियति वनको कार्ययोजना नवीकरण सम्बन्धी कार्य सम्पन्न प्रतिवेदनको नमूना

१.कार्यक्रमको नाम:

२.क्रियाकलापको नाम:

३.सा.व./क.व.को कार्ययोजना नवीकरण भएको समूहको नाम र ठेगाना:

४.कार्ययोजनाको अवधि: ............................ देखि........................................... सम्म

५.क्षेत्रफल:.............हेक्टर

६.कार्यक्रम संचालन गर्ने जिम्मेवार कर्मचारीको नाम र पद:

७.कार्यक्रम अनुसारको कुल बजेट रु:

८.ईष्टिमेट अनुसारको बजेट रु:

९.जम्मा खुद खर्च रकम रु:

१०) कार्ययोजनाबाट लाभान्वित घरधुरीको विवरण

| क्षेत्री/ब्राहमण | | आदिवासी/जनजाति | | दलित | | मधेशी | | मुस्लिम | | अन्य | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | |
| | | | | | | | | | | | | | | |

११. कार्क्रमको सबल पक्ष:

१२. कार्यक्रमको दुर्वल पक्ष:

१३.कार्यक्रम संचालन हुँदा देखा परेका समस्याहरु:

१४.अन्य विवरण:

१५.कार्यक्रमको फोटो:

**<u>प्रतिवेदन पेश गर्नेको</u>**

नाम:

पद:

कार्यरत कार्यालय र ठेगाना:

दस्तखत:

मिति: